म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १३२ सोमबार, ५ पुस २०७८ प्रतिपदा ने. सं. ११४२ थिंलागा 20 December, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

जाडोबाट बच्न निम्न उपायहरु अवलम्बन गरौं ।

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मसाज गरौं,
- शारिरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## इलाका प्रहरी कार्यालय नजिकबाट हरायो सालिक

### फोटोमा माल्यार्पण गरेर फर्किए अतिथि

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको पुरानो तथा ऐतिहासिक भीमफेदीमा जन्मिएका लोककवि गणेशलाल श्रेष्ठ सम्झनामा निर्माण गरिएको सालिक हराएको छ ।

आइतबार दिउँसो सालिक अनावरण गर्ने कार्यक्रम तय गरिएको थियो । शनिबार राती सालिक हराएपछि श्रेष्ठको फोटोमा माल्र्यापण गरेर अतिथिहरु फर्किए ।

इलाका प्रहरी कार्यालय भीमफेदी नजिक रहेको ज्योति पुस्तकालय परिसरमा श्रेष्ठको सम्झनामा अर्धकदको सालिक निर्माण गरिएको थियो ।

सालिक स्थापना भएको स्थानबाट इन्स्पेक्टर नेतृत्वको इलाका प्रहरी चौकी, भीमफेदी करिब डेढसय मिटर नजिक छ । व्यस्त सडकको छेउमै रहेको पुस्तकालयबाट सालिक चोरी हुँदा सामुन्नेको प्रहरी चौकीले पत्तोपनि पाएन् । श्रेष्ठको सालिक मकवानपुर सरोकार मञ्चले ज्योति पुस्तकालयमा स्थापना गरेको हो । उक्त पुस्तकालय २०१० सालमा श्रेष्ठले नै स्थापना गरेका थिए ।

सालिक अनावरण कार्यक्रम आज आइतबार बिहान ९ बजेलाई तय गरिएको थियो । तर, सालिक अनावरण गर्न आएका प्रमुख अतिथि पूर्वराजदूत तथा परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठसहितको टोलीले फोटोमा



१) चोरी हुनुअघि लोककवि गणेशलाल श्रेष्ठको अर्धकदको सालिक । २) आइतबार बिहान चोरी भइसकेपछि ३) सालिक चोरी भएपछि, सालिक निर्माण स्थलमा श्रेष्ठको तस्वीर राखेर माल्र्यापण

माल्यापर्ण गरेर फर्किएका छन् । 'काठमाडौं र हेटौंडादेखि साहित्यकार, जनप्रतिनिधिहरु सालिक अनावरण गर्न आउनु भएको थियो । उहाँहरु सालिक हराएपछि कवि श्रेष्ठको फोटो राखेर माल्यापर्ण गरेर फर्किनु भएको छ ।,' स्थानीय सुरेन्द्रराज थिकेले भने ।

सालिक अनावरण कार्यक्रमका लागि परराष्ट्रविद् श्रेष्ठसहित कवि गणेशलालको परिवार काठमाडौंबाट शनिबार बेलुका हेटौंडा आएका थिए । भीमफेदी गाउँपालिका उपाध्यक्ष पार्वती रानाका अनुसार शनिवार राति ९ बजेसम्म उक्त अर्धकदको सालिक थियो । कार्यक्रमका लागि आइतबार बिहान स्थानीयले पुस्तकालय परिसर सरसफाई गर्न जाँदा सालिक हराएको थाहा पाएका थिए ।

श्रेष्ठको सालिक राखिएको ज्योति पुस्तकालय परिसरमा भगवानका प्रतिमाहरु राखिएका छन् । यसअघि सालिक निर्माण बारे छलफल हुँदा भगवानको मूर्ति भएको स्थानमा व्यक्तिको सालिक राख्नु उपयुक्त नहुने भन्दै आवाज उठेको एक स्थानीयले बताए । स्थानीयका अनुसार नेवार समुदायले श्रेष्ठको सालिक स्थापना गर्न लगाएको भन्दै फरक समुदायका व्यक्तिले असहमत राख्दै आएको बुझिएको छ । यद्यपि सार्वजनिक रुपमा विरोध भने नभएको पाइएको छ ।

सालिक चोरी गर्नेलाई पक्राउ गरी कानुनी दायरामा ल्याउन भीमफेदी गाउँपालिका अध्यक्ष हिदम लामा, उपाध्यक्ष रानासहित, साहित्यकार र भीमफेदी बासीले प्रहरीको ध्यानाकर्षण गराएका छन् । इलाका प्रहरी कार्यालयले ५-७ जनाको समूहले सालिक चोरी गरेको आशंका गरेको छ । प्रहरीले सालिक खोजी गरिरहेको जानकारी दिएको छ ।

भीमफेदीमा विस १९६८ मा जन्मिएका कवि श्रेष्ठले दुई थुंगाको फुल, मेरो पुष्पाञ्जली लगायतका नेवारी भाषामा गीत लेखेका थिए । उनको मृत्यु २०४२ सालमा भएको थियो ।

## भुटनदेवीबाट बालबालिकालाई कोरोनाविरुद्धको खोप लगाउने अभियान प्रारम्भ

साझाकुरा संवाददाता

हेटौंडा/स्वास्थ्य तथा जनसंख्या मन्त्री विरोध खतिवडाले हेटौंडाबाट बालबालिकालाई खोप लगाउने अभियान सुरु गरेका छन् ।

हेटौंडा उपमहानगरपालिका-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयबाट बालबालिकालाई कोरोना बिरुद्धको खोप लगाएर अभियानको प्रारम्भ भएको हो । १२ वर्षदेखि १८ वर्षसम्मको स्कुले विद्यार्थीहरुलाई कोरोनाबिरुद्धको मोडर्ना खोप लगाउन सुरु गरिएको हो ।

मन्त्री खतिवडाले स्वास्थ्यकर्मीलाई खोपको बाकस हस्तान्तरण गर्दै नेपालभर बालबालिकालाई विद्यालयमै खोप लगाउने कार्यक्रमको सुरुवात गरेका हुन् । नेपाल भर हेटौंडालाई केन्द्र बनाएर बालबालिकालाई खोप लगाउने अभियान सुरु भएको मन्त्री खतिवडाले बताए ।

सरकारले बालबालिकाका लागि आइतबारदेखि ५७ जिल्लामा कोभिडविरुद्धको मोडर्ना खोप दिने भएको छ । १२ देखि १७ वर्षसम्मकालाई पुस १४ सम्म उक्त खोप दिइने मन्त्री खतिवडाले बताएका छन् । खोपको दोस्रो डोज माघ २ देखि १२ गतेसम्म दिइने स्वास्थ्य मन्त्रालयले जनाएको छ । सरकारी तथ्यांकअनुसार १२ देखि १७ वर्ष उमेर समूहको संख्या ३४ लाख २५ हजार ४ सय ८ छ । यस्तै, पुस १३ देखि २२ सम्म आठ जिल्लाका बालबालिकालाई फाइजर खोप दिने सरकारी तयारी छ ।



फाइजर खोप १२ वर्षमाथिको उमेर समूहमा प्रभावकारी मानिएको छ । दुई डोज लिएकामा खोप नलिनेको दाँजोमा लक्षणयुक्त कोभिडले ग्रस्त हुने सम्भावना ९५ प्रतिशत कम देखिएको वैज्ञानिक अध्ययनले देखाएको छ । १२ देखि माथिको उमेर समूहलाई प्रभावकारी मोडर्ना भने ४-६ साताको अन्तरमा दुई डोज लगाउनुपर्छ । विद्यार्थीहरुलाई सहज होस् भन्दै देशभर विद्यालयमै खोप लगाउने व्यवस्था मिलाइएको मन्त्री खतिवडाले जानकारी दिए ।

सम्पूर्ण विद्यार्थीहरुलाई खोप अनिर्वाय रहेको र सरकारसँग खोप पर्याप्त भन्दै आफ्नो घर, परिवार , छिमेकीहरुलाई कोरोनाविरुद्धको खोप लगाउन अनुरोध गरे । आइतबार भुटनदेवीमा भएको कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्य मन्त्री निमा लामाले यस प्रदेशमा दुईलाख भन्दा धेरै बालबालिकाले कोरोनाबिरुद्धको खोप लगाउने बताएका छन् । मकवानपुरका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डको अध्यक्षतामा कार्यक्रम भएको थियो । बागमती प्रदेशमा २ लाख बढी बालबालिकालाई कोरोनाविरुद्धको खोप लगाउने तयारी प्रदेशको स्वास्थ्य मन्त्रालयले गरेको छ ।

सरकारको खोप अभियानअन्तर्गत बागमती प्रदेशका १२ देखि १८ बर्ष उमेर समूहका २ लाख २ हजार २ सय ८७ बालबालिकालाई कोरोनाबिरुद्धको मोर्डना खोप लगाइने भएको हो । यसका लागि २ लाख ७ हजार ३ सय ८० डोज खोप उपलब्ध गराइएको बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले जनाएको छ । आइतबार बागमती प्रदेशका मकवानपुर, धादिङ, नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, दोलखा र रामेछापमा खोप अभियान हुनेछ ।

खोप अभियानलाई प्रभावकारी ढंगले संचालन गर्न बागमती प्रदेशका सबै स्वास्थ्य ईकाईहरुलाई स्पष्ट निर्देशन दिइएको बागमती प्रदेशका स्वास्थ्य मन्त्री निमा लामाले बताए । खोप संचालन हुने जिल्लाका स्वास्थ्य ईकाईहरुले स्थानीय तह र विद्यालयहरुसँग समन्वय गरी लक्षित उमेर समूहका सबै बालबालिकालाई खोप लगाउने वातावरण बनाउने बताए ।

**बागमती प्रदेशमा २ लाखलाई खोप लगाइने**

हेटौंडा/बागमती प्रदेशमा २ लाख बढी बालबालिकालाई कोरोनाविरुद्धको खोप लगाइने भएको छ ।

सरकारको खोप अभियान अन्तरगत बागमती प्रदेशका १२ देखि १७ बर्ष उमेर समूहका २ लाख २ हजार २ सय ८७ बालबालिकालाई कोरोनाबिरुद्धको मोर्डना खोप लगाइने भएको हो । यसका लागि २ लाख ७ हजार ३ सय ८० डोज खोप उपलब्ध गराइएको बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

आइतबार बागमती प्रदेशका मकवानपुर, धादिङ, नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, दोलखा र रामेछापमा खोप अभियान सुरु भएको छ । यी जिल्लाका विद्यालयमा पुगेर स्वास्थ्यकर्मीले खोप अभियान संचालन गरेका छन् । खोप अभियानलाई प्रभावकारी ढंगले संचालन गर्न बागमती प्रदेशका सबै स्वास्थ्य इकाईहरूलाई स्पष्ट निर्देशन दिइएको बागमती प्रदेशका स्वास्थ्य मन्त्री निमा लामाले बताए ।

उनले खोप संचालन हुने जिल्लाका स्वास्थ्य ईकाईहरूले स्थानीय तह र विद्यालयहरुसँग समन्वय गरि लक्षित उमेर समूहका सबै बालबालिकालाई खोप लगाउने वातावरण बनाउने बताए । उनले खोप अभियानलाई प्रभावकारी एवं व्यवस्थित ढंगले सम्पन्न गर्न सबै क्षेत्रको सहकार्य आवश्यक भएकाले आ्नो क्षेत्रका लक्षित उमेर समूहका सबै बालबालिकालाई खोप सुनिश्चित गर्न अपिल समेत गरेका छन् ।



बिगत १० वर्षदेखि अलपत्र बनिरहेको मकवानपुर र सिन्धुली जाड्ने बागमती नदीको पुलले मुर्तरूप पाउँदै । धरान-चतरा-हेटौंडा सडक खण्ड अर्थात भण्डारी मार्गअन्तर्गत पर्ने यो पुल समयमै बन्न नसक्दा दुई जिल्लाबासीले समस्या भेल्दै आएका थिए । अब भने पुल निर्माण कार्य पूरा हुन लागेको जनाईएको छ । *तस्बिर: साझाकुरा*

## विकट राक्सिराङमा स्वास्थ्य केन्द्र

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको विकट क्षेत्र राक्सिराङ गाउँपालिकामा आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन उद्‌घाटन गरिएको छ ।

विगतमा स्वास्थ्य क्षेत्रको पहुँचबाट टाढा रहेको राक्सिराङमा स्थानीय तह आएपछि गाउँगाउँमा स्वास्थ्य सेवा पुगेको छ । गाउँपालिकाले गाउँमै आवश्यक स्वास्थ्य उपचारको व्यवस्था गर्न घर घरमै स्वास्थ्य जाँच गर्नेदेखि स्वास्थ्य सेवा केन्द्र स्थापनामा जोड दिएको छ । राक्सिराङमा गतवर्ष मात्रै हस्पिटल निर्माण सुरु गरिएको थियो । विगतमा यहाँका बासिन्दालाई उपचारका लागि मनहरी वा हेटौंडा आउनुपर्ने बाध्यता थियो । राक्सिराङमा सामान्य उपचारको व्यवस्थापनि नहुँदा स्थानीय चिन्तित थिए ।




अब भने गाउँबासीलाई स्वास्थ्य उपचारका लागि समस्या हट्दै गएको छ । चेपाङ र तामाङ समुदायको बाक्लो बसोबास रहेको राक्सिराङ-८ स्थित देवीटार आधार भूत स्वास्थ्य सेवा केन्द्रको भवन उद्घाटन गरिएको हो । राक्सिराङ गाउँपालिकाका अध्यक्ष राजकुमार मल्लले स्वास्थ्य केन्द्रको भवन उद्‌घाटन गरेका हुन् । नयाँ भवनबाट स्वास्थ्य सेवा प्रवाह गर्न अब सहज हुने अध्यक्ष मल्ले विश्वास व्यक्त गरे । राक्सिराङको १, ३, ४, ६, ८ र ९ नम्बर वडामा स्वास्थ्य केन्द्रको भवन निर्माणको लागि बजेट प्राप्त भएको थियो । जसमध्ये ८ नम्बर वडासहित ९ र ३ नम्बर वडामा भवन निर्माण सम्पन्न भइसकेको छ ।

बाँकी ४ वटा वडामा पनि स्वास्थ्य केन्द्रको भवन निर्माण अन्तिम चरणमा रहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले जानकारी दिए । अध्यक्ष मल्लले आफूहरु जनप्रतिनिधि भएर आइसकेपछि गाउँमा स्वास्थ्यको क्षेत्रमा धेरै सुधार गरेको दावी गरेका छन् । 'सिटामोलसमेत नपाउने अवस्था थियो गाउँमा, कोही सुत्केरी ब्यथाले च्यापेर त कोही सामान्य चोट लागेका बिरामीको पनि ज्यान जाने अवस्था थियो ।' मल्लले भने ।

गाउँपालिकाका ९ वटा वडामा हाल १० वटा स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा छन् । जसमध्ये ४ वटा केन्द्रमा सुत्केरी सेवासमेत सञ्चालनमा छ । चैनपुरमा रहेको स्वास्थ्यचौकीलाई स्तरोन्नती गरी १० बेडको अस्पताल सञ्चालन अन्तिम चरणमा छ । गाउँपालिकाको केन्द्र चैनपुरमा डाक्टरको सेवासमेत उपलब्ध भइसकेको छ । गाउँपालिकामा करिब सवा दुइ करोडको लागतमा पक्की स्वास्थ्य संरचना निर्माण भएको छ ।

गत वर्ष ठेक्का लागेर निर्माण सुरु भएका ६ वटा स्वास्थ्य सेवा केन्द्रको भवनमध्ये केहीको निर्माण सम्पन्न भइसकेको छ भने केहीको निर्माण अन्तिम चरणमा पुगेको बताइएको छ । स्वास्थ्य मन्त्रालयले राक्सिराङका ६ वटा स्वास्थ्य सेवा केन्द्रको भवन निर्माणको लागि प्रति भवन ३८ लाख रुपैयाँका दरले २ करोड २८ लाख रुपैयाँ छुट्याएको थियो राक्सिराङ-८ का वडाध्यक्ष रामकृष्ण प्रजाको अध्यक्षतामा भएको देवीटार आधार भूत स्वास्थ्य सेवा केन्द्रको भवन उद्‌घाटन कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

यसैगरी भवन उद्‌घाटन कार्यक्रमलाई भव्य नबनाइएको भन्दै नेपाल चेपाङ संघ राक्सिराङ गाउँपालिका ८ नं वडा इकाई समितिले असन्तुष्टि जनाएको छ । कार्यक्रममा सरोकारवाला संघसंस्था तथा निकायहरु र राजनीतिक दलहरुलाई समेत जानकारी नगर एको भन्दै संघका अध्यक्ष महेशकुमार प्रजाले आपत्ति जनाए । कतिपय सर्बसाधारण मानिसहरुले उक्त भवन के हो ? भन्नेबारे समेत थाहा नपाएको अबस्थामा उद्‌घाटन गर्नुपर्ने धारणा प्रजाको छ । सीमित मानिसहरुलाई मात्रै बोलाएर भवन उद्‌घाटन गरिएको भन्दै असतुष्टि जनाइएको छ ।

## हेटौंडाकी बस्नेत राष्ट्रिय जेसीज उपाध्यक्ष निर्वाचित

हेटौंडा/२०१२ मा हेटौंडा लेडी जेसीजको अध्यक्ष बनेकी रश्मी बस्नेत नेपाल जेसीजको ४८ औं महाधिवेशनबाट राष्ट्रिय उपाध्यक्ष पदमा निर्वाचित भएकी छन् ।

पोखरा जेसीजको आतिथ्यमा सम्पन्न महाधिवेशन अन्तर्गत उपाध्यक्ष पदमा एक मात्र महिलाको रुपमा उम्मेदवार बनेकी पाँचौं सर्वाधिक मत ल्याएर विजयी भएकी हुन् । जेसीजको राष्ट्रिय अध्यक्षमा लालमणि भण्डारी विजयी भएका छन् ।

१२ जना उपाध्यक्षका लागि १९ जना उम्मेदवार बीच प्रतिस्पर्धा भएको थियो । मतदानमा कुल १ हजार २ सय ६८ मत खसेको थियो भने बस्नेतले ९ सय ३३ मत प्राप्त गरेका थिए । बस्नेत हेटौंडा लेडी जेसीजको २०२१ मा प्रमुख सल्लाहकारसमेत थिए ।

**संवाददाता आवश्यकता**

यस साझाकुरा दैनिकका लागि एक जना पुरुष संवाददाता (रिपोर्टर) आवश्यकता परेकोले निम्नलिखित योग्यता पुगेका नेपाली नागरिकले सम्पर्क राख्नुहोला ।

योग्यता: प्रविणता तह उत्तीर्ण (+2 पास) ।
अनुभव: कम्तीमा एक वर्ष ।
तलब: आपसी समझदारीमा तय गरिनेछ ।

*(पत्रिकामा काम गरेको अनुभव र पत्रकारिता अध्ययन गरेकालाई बिशेष प्राथमिकता ।)*

साझाकुरा राष्ट्रिय दैनिक सम्पर्क: ०५७-५२१११५ इमेल: sajhakura@gmail.com

**कर्मचारी आवश्यकता**

नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै लोकल कुखुराको लगायत मासुको आइटम स्वाद लिइ हेटौंडा-३, बसामाडि स्थित सञ्चालनमा रहेको यस होटलको लागि निम्न बमोजिमका कर्मचारीहरु आवश्यक परेको हुँदा सम्बन्धित काममा दक्ष तथा अनुभवीले तुरुन्त सम्पर्क गर्नुहोला ।

तपशलि:
वेटर- १ जना,
कुक- १ जना,
हेल्पर १ जना

तलब/सुबिधा: आपसी समझदारीमा तय गरिनेछ ।

होटल म्याक्स
हेटौंडा-३, बसामाडी,
मो.नं. ९८४५०२५७२७

साझाकुरा

## हाम्रो कुरा

# चिसोबाट जोगिऔं

देशका सबै ठाउँको तापक्रम घट्दो छ । विगतमा झैं मंसिरको अन्त्यदेखि नै देशका अधिकांश भागमा चिसो बढेको छ । पुस लागेसँगै बढ्दै गएको चिसो पुसको मध्येसम्म आइपुग्दा चिसोले कतिपय क्षेत्रमा जनजीवन प्रभावित बनिरहेको छ । बढ्दो चिसोकै कारण गरिब, निमुखा नेपालीको कष्टकर जीवन सुरु भइसकेको छ । हिमाली भागमा चिसो बढी हुने भए पनि चिसोबाट मुलुकको तराई क्षेत्र पनि उत्तिकै प्रभावित हुने गरेको छ । यस वर्ष तराईमा शीतलहर सुरु नभए पनि विगतमा तराईका सप्तरी, धनुषा, महोत्तरी, सिराहा, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी, कपिलबस्तु, बाँकेलगायत जिल्लामा चिसोको प्रभाव बढी पर्ने गरेको देखिन्छ । यी जिल्लाहरुमा शीतलहर सुरु नहुँदै त्यस क्षेत्रका गरिब तथा निमुखा नागरिक प्रभावित नहुन् भन्नका लागि विशेष सतर्कता अपनाउनु आवश्यक देखिन्छ ।

जाडो मौसममा चिसोबाट बच्न जनसाधारणले अपनाउनुपर्ने प्रक्रियाको बारेमा आम नागरिकलाई सचेत बनाउन स्थानीय तह क्रियाशील हुनुपर्ने देखिन्छ । चिसोका कारण मुलुकभित्र कुनै नागरिक मृत्युको मुखमा पर्नु हुँदैन । कुनै पनि राज्यका लागि गरिब जनताको प्राण चिसोकै कारण जानु कलङ्कपूर्ण विषय हुन्छ । यस्तो हुन नदिनका लागि सम्बद्ध पक्ष गम्भीर बन्नुपर्छ । चिसोबाट अति प्रभावित क्षेत्रमा स्थानीय, प्रदेश तथा संघीय सरकार र तिनका प्रशासनिक संयन्त्रहरुले विपन्न परिवारलाई आवश्यक सहयोग गर्नु आवश्यक छ । प्रभावितहरुलाई तत्कालका लागि आवश्यक राहत सामग्री उपलब्ध गराउनु पर्छ । चिसोको प्रभाव बढी हुने स्थानीय तहले विशेष योजना र कार्यक्रम सञ्चालन गर्न सकेमा चिसोबाट हुने अकाल मृत्युलाई हटाउन असम्भव हुँदैन ।

चिसोको वृद्धिसँगै देशभरका मानिसको जीवन कष्टकर बन्दै जान्छ । विशेषगरी तराई तथा मध्य पहाडी क्षेत्रमा बसोबास गर्ने कमजोर आर्थिक अवस्था भएका नागरिकहरु चिसोबाट बढी पीडित हुने गरेका छन् । हिमाली क्षेत्रमा बसोबास गर्नेहरु भने भारी हिमपात र हिमपातका कारण हुने प्रकोपबाट पीडित बन्ने गरेका छन् । हिउँदमा चिसो हुनु, शीतलहर चल्नु हावापानीको सामान्य परिवर्तन हो । तर, चिसोकै कारण आम नागरिकको मृत्यु हुनुचाहिँ गम्भीर पक्ष हो । आर्थिक हिसाबमा अत्यन्तै कमजोर वर्ग नै यतिखेर चिसोका मार मा परेका छन् । हुनेखानेका लागि जाडो महिनामा बाक्लो तथा न्यानो कपडा लगाउँदै तातो दिने खानेकुरा खाएर हिउँसग खेल्दै रमाइलो गर्ने अवसर भए पनि हुँदा खानेका निम्ति भने कठोर कालतुल्य समय हो । आर्थिक हिसाबमा दीनहीन अवस्थामा रहेका आम नेपालीसँग चिसोसँग संघर्ष गर्न अरु कुनै उपाय नहुनु अहिलेको मूल समस्या हो । जाडो, त्यसमाथि भोको पेटमा कठ्याङ्ग्रिनुपर्ने विवशताबाट आम नेपाली मुक्त हुन नसक्नु विडम्बना नै हो । भोजनको अभाव र तातोका लागि न्यानो लुगा तथा ताप्ने दाउरा नभएकाले विपन्न परिवार टुलुटुलु काल नाचेको हेर्न बाध्य भइरहेको अवस्था अन्त्य गर्न सम्बद्ध निकाय अग्रसर हुनैपर्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ पुस ६ गते मंगलबार २१ डिसेम्बर २०२१ । पुस कृष्ण द्वितीया । थिंलागा द्वितीया ११४१ । सूर्योदय ६:५० र सूर्यास्त ५:१३ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : अध्ययनमा बाधा | तुला | : आफन्तजन भेट |
| वृष | : धन प्राप्ति | वृश्चिक | : भित्रजन भेट |
| मिथुन | : शत्रुबाट मुक्त | धनु | : प्रेममा सफलता |
| कर्कट | : धन नष्ट | मकर | : शुभ कार्यको थालनी |
| सिंह | : मिष्ठान्न भोजन | कुम्भ | : सुख प्राप्ति |
| कन्या | : आलश्यता | मीन | : यात्राको योग |

# मैले उनीहरू सबैलाई माफ गरिदिएँ !



सृजना पोखेल

मनमा कसैका लागि 'ठीक छ, ल मैले तिमीलाई माफ गरिदिएँ' भन्ने वाक्य हुनु तर त्यो 'ठीक छ' सुन्ने मान्छे नै नरहनु, ठीक हुन्न रहेछ । २०६९- मेरा आँखाले पहिलोपल्ट मृत्यु देखें । आँखामा राखे पनि नबिझाउने साथी आँखैअगाडि ढल्यो । कक्षाकोठामै ।

अघिल्लो दिन सरले भन्नुभएको थियो, 'भोलि सबैले घरमा यो पाठ पढेर आउने । अनि एक जनाले अगाडि गएर साथीहरूलाई पढाउने है त ।' ऊ सधैं अगाडि जान खोज्ने मान्छे थिएन । तर त्यो दिन खै किन हो, यति सुन्दैमा दंग परिहाल्यो । को-को साथीलाई के-के सोध्ने, एक-एक प्रश्न तयार पारेर बसेको थियो ।

भोलिपल्ट क्लास सुरू भयो । सर आउँदाआउँदै, ऊ आफैं, 'म पढाउँछु नि' भन्दै उठ्यो । सरले मान्नुभयो । ऊ मार्कर र डस्टर बोकेर सेतो पाटीतिर गयो । अगाडि गइरहँदा उसको अनुहारको उज्यालोलाई उसले लगाएको सेतो सर्टको चमकले पनि छोप्न सकेन । हामी सबै, 'अब साथी पछाडि फर्केर पढाउँछ होला' भन्दै पर्खिरहेका थियौं । ऊ पछाडि फर्कियो । तर पढाएन । दुई सेकेन्ड चुप्प लाग्यो । सबैतिर हेर्‍यो । अनि बोल्यो, 'सर आई का....न्ट।' ढल्यो ।

तुरून्तै अस्पताल लग्यौं । साथी मुटुको बिरामी थियो, सबलाई थाहा थियो । त्योभन्दा अगाडि पनि एक-दुईपटक ढलेको हो । ढलेर उठेको हो । हामी ढुक्क थियौं, साथी यसपालि पनि उठ्छ । सँगैको साथीलाई कहिल्यै नउठ्ने गरी सेतो कपडाले छोपेको देख्न हामी कोही पनि तयार थिएनौं । तर बचेका बाँच्नेहरू तयार छैनन् भन्दैमा कालले पर्खिंदैन रहेछ ।

*ऊ गयो ।*

जानुभन्दा केही दिन मात्रै अघिको कुरा हो, स्कुलकै कामले जमघट थियो सानो । एक्कासि हामी निशानामा पर्‍यौं । हामी अर्थात म र मेरा दुई केटी साथी । चारमा पढ्दादेखि तीन केटी जुकाजसरी टाँसिएका थिए । दसमा पुगेपछि एकाएक जुकामाथि नुन पर्‍यो । अलिअलि कुरा काट्दा काट्दै, ठ्याम्मै बोलचाल नै बन्द भयो । कसैले 'किन रिसाएका हौ ?' भनेर सोध्दा, सुनाउन सकिने केही कारण थिएन । तर कारण बिनाकै रिस झन् कडा निस्कियो । हामी तीनमध्ये कसैले पनि फेरि मिल्ने कोशिस गरेनौं । त्यो दिन ऊ पनि सँगै थियो । हामी तीन जना नबोले पनि सँगै थियौं । उसले यस्तै मौका कुरेको रहेछ । अब हप्काउन थाल्यो । 'केटाकेटीजस्तो के गरेको यो ? जे-जे चित्त दुख्याछ भन्नू बरू । कुरा सुन्नू एकअर्काको, के ठुसठुस हो,' गिज्यायो । अनि सम्झायो, 'अब मिल, माफ गर्देऊ एकअर्कालाई ।' हामीले सुन्यौं । त्यतिका धेरै साथीका अगाडि 'नाइँ' भन्दै जिद्दी गर्न मिलेन । फेरि बच्चा जसरी लडे पनि आफूलाई बच्चा देखाउनु त थिएन । हामी मिल्यौं । कम्तीमा उसको अगाडि मिलेजस्तो गर्‍यौं । मिलेजस्तो चाहिँ किन भन्दा, अरूको त म के जानूँ, मेरो रिस चाहिँ मरेको थिएन । कडा रिस अझै ठङठङ थियो, पग्लिएन । सायद मैले झगडा गर्न सिकें, मिलाएपछि मिल्न सिकें, साथीले सुझाएको मान्न पनि सिकें । तर माफ गर्न भने अझै सिकिनँ । मैले माफी जान्न भ्याएकै थिइनँ, मेरो साथीले चाहिँ माथि जान हतार गर्‍यो ।

ऊ गयो ।

जब ऊ गयो, तब बल्ल मेरो रिसले सिक्न भ्यायो । त्यो दिन, मैले माफ नगरेका दुई साथी उसलाई सम्झिँदै रोइरहेका थिए । म चाहिँ उसलाई सम्झेर, उनीहरूलाई हेरिरहेकी थिएँ । टुलुटुलु । हेर्दाहेर्दै हामी एकअर्कासँग रिसाएका तीन केटीबाट एउटै दुःख रोइरहेका तीन साथी बन्यौं । अन्तिमपटक सजिलोसँग बोल्न पनि नपाएको साथीले हामीलाई सिक्न समेत सिकाएर गयो । आजसम्म यति भन्ने आँट कहिल्यै जुटेको थिएन । आज हिम्मत गरें । यदि छाडेर जानेको ऊर्जाले कसैगरी कतैबाट सुन्छ भने, यो कुरा ऊसम्म पुगोस् । धन्यवाद विवेक ।

मलाई माफीले कसरी मान्छेलाई निको पार्छ भन्ने कुरा सिकाउने पहिलो मान्छे तिमी हौ । तिमी जाँदा त मैले माफ गर्दै बोलाउन चाहेका साथीहरू मसँगै, मेरैअगाडि थिए । आज सोचें, यदि त्यो बेला मैले रिस साँधेको मान्छे उनीहरू नभएर तिमी भएको भए ? म आफूलाई कसरी माफ गर्थें होला ? अहिले मैले आजसम्म जन्माएका सबै सम्बन्ध मेरो काखमा छैनन् । कतिसँग बिना कारण बोलचाल बन्द भयो । कतिले गरेको गलत यसरी याद छ कि अहिले सम्झिँदा पनि आफैंलाई आफ्नो दया लाग्छ । जिउ तात्ने गरी रिस उठ्छ । रिसाउनेहरूसँग माया पनि थियो । तर मायालाई गुनासोले जित्यो ।

कुनै बेला माफ गरिदिऊँ कि, बोलाऊँ कि लाग्दा म आफैंलाई सम्झाएर भन्थें- रिसलाई पनि उसको भागको समय दिनुपर्छ । समय बितेपछि चित्त दुखाइ बिस्तारै धमिलिँदै जान्छ । अनि केही वर्षपछि त आफैं मेटिइहाल्छ नि । तर आज सोचें, यदि यो रिस मर्ने समय नबित्दै म नै बितिगएँ भने ? यी जोसँग रिसाएकी छु, उनीहरूको के हुन्छ ? कोही मान्छे मरेर जाँदा पनि आफ्ना लागि मनभरि रिस बोकेर गयो भन्ने बोझ कति भारी हुन्छ होला ! आज तिमी गएको ९ वर्षपछि म फेरि तिमीले सिकाएकै पाठमा फर्किंदैछु । मलाई आजसम्म दुखाएका सबैसबैलाई माफी भयो ।' गल्ती गर्नेले जानेर गर्‍यो या नजानेर, त्यो पछि जानौंला । ऊ अहिले पछुताउँछ कि गल्ती स्वीकारेकै छैन, त्यो पनि बुझौंला । कसैलाई सुधार्न बाँकी होला, सजाय बाँकी होला । कोही फर्केर आउला नआउला, सब सोचौंला । तर यी सबैभन्दा पहिले, गलतको गाह्रो भोगिरहेको आफ्नै मनलाई थपक्क बसाएर थपथपाउन जरूरी रहेछ ।

माफी त्यही थपथपाउन चाहिने 'न्यानो स्पर्श' रहेछ । कतै कोही रिसाएको, कसैलाई गाली गरिरहेको मान्छे देख्नेबित्तिकै सबै सोच्छन्, 'ऊ त रिसाइदियो, पुग्यो । सुन्नेलाई, सहनेलाई कति पीडा छ ।' तर रिसाइरहेको मान्छेको पीडा रिस भोग्नेको भन्दा पनि पुरानो हुन्छ । जसले रिस सहन्छ, उसलाई त अर्को मान्छेले गाली गरेपछि बल्ल दुख्न सुरू हुने हो । रिसाउनेको छटपटी त मनमा रिस उब्जेको क्षणमै जन्मिसक्छ । त्यो छटपटी कुहिने गरी मनमा बसेपछि बल्ल घृणा, गाली बनेर मुखबाट निस्कने हो ।

त्यसैले रिस सकिँदा, रिस सहिरहेको मान्छेभन्दा पनि बढी रिसाइरहेको मान्छेले मुक्ति पाउँछ । 'माफी' त्यही मुक्तिको बाटो हो । जबसम्म भित्र मन निको थिएन, मैले बाहिर सबथोक ननिको देखें । कसैले सौन्दर्यको कुरा गर्दा, त्यो त बस् अज्ञान ढाक्ने भ्रम हो जस्तो लाग्थ्यो । अरू सबै जरूरत पुगेका मान्छेहरूको फजुल सौखजस्तो । कसैले मन शान्तिको कुरा गर्दा त्यो प्रवचन ढोङजस्तो लाग्थ्यो । यो सब जे छ, त्यसलाई बदल्न नसकेपछि स्वीकारेको लाचारी हो भन्ने लाग्थ्यो । कोही अति विनयशील मान्छे देख्दा लाग्थ्यो, ऊ चाप्लुसी गरिरहेछ । विनम्रता विद्रोह गर्न नसक्नेहरूले स्वीकारेको हार हो जस्तो । भित्र आफ्नो मन निको नहुन्जेल, बाहिर सबथोक निरस, ननिको लाग्ने रहेछ ।

आफू निको नभएरै अरूको गलतलाई सजाय दिन खोज्दा, गलत गर्नेले सजाय त पाउँछ, आफ्नो मनले शान्ति चाहिँ पाउँदैन । किनकी सजाय थाहै नदिई कुन बेला बदला बनिसकेको हुन्छ । अनि यो बदलाले पहिल्यै रिस, घृणा, विद्रोहमा घुम्दाघुम्दा थाकेको मान्छेलाई अर्को नयाँ भूमरीभित्र जाकिदिन्छ । मैले यी जो जोलाई माफ गरिदिएँ, उनीहरूलाई सजायबाट उम्काएकी होइन । यसै पनि आफूले माग्दै नमागी पाएको माफी आफैंमा सबभन्दा ठूलो सजाय हो । मेरो माफीले कसैको गलतलाई सही ठहर्‍याउने पनि होइन ।

होला, कहिलेकाहीँ माफ गरिदिएर आफू निको भएपछि ती गल्ती गर्नेको कहिल्यै नदेखेको पाटो स्पष्ट देखिएला । गल्ती गर्नु र गलत चाहनुको अन्तर पनि देखिएला । तर फेरि पनि कसैले नचाहेरै गरेको किन नहोस्, अन्याय त अन्याय हो । घाउ किन भयो भन्ने कारण बुझ्दैमा घाउको दाग त हट्दैन । त्यसैले आज माफ गरेपछि पनि दुखाउनेहरूको गलत याद त रहन्छ नै । तर अब त्यति मात्र याद रहन्छ कि त्यो दुखाएको मान्छेले उसको भागको सजाय पनि पाओस् अनि कुनै पछुतोले आफ्नो आत्मा नखाओस् ।

माफीले माफ गरिदिएको मान्छेसँग सम्बन्ध सुधार्छ भन्ने छैन । सुधार्न पनि पर्दैन । बस् यतिन्जेल मनमा थन्किबसेको रिसले आफूलाई बिगार्न चाहिँ छाडिदिन्छ । अब आफैंसँगको सम्बन्ध सुध्रिन सुरू हुन्छ । जिन्दगीमा त्यो रिस र रिसाएको मान्छेबाहेक अरू के-के छ, सब देखिन थाल्छ । सुन्दर देखिन थाल्छ । मान्छेहरू प्रेमले आँखा छोप्छ भन्छन् । प्रेमले त कम्तीमा प्रेम गरेको मान्छेलाई त देख्छ । घृणाले त घृणा गरेकै मान्छेलाई समेत देख्न छोडिदिन्छ । ऊ जेसुकै बोलोस्, सुन्न छोडिदिन्छ । आँखा र कान यसरी काम गर्न थाल्छन् मानौं, ती सौन्दर्यका लागि बनेकै होइनन् । मन यसरी काम गर्न थाल्छ मानौं, ऊ आनन्दका लागि बनेकै होइन । कसैलाई माफ गरिदिनु आफ्नै आँखा, कान र मनलाई नयाँ जीवन दिनु हो । मैले आज मलाई आजसम्म दुखाएका सबैसबैलाई माफ गरिदिएँ । मेरै लागि । - सेतोपाटी

# नेपाली मिडियामा पनि बाहुन कामरेडकै वर्चश्व



निनाम लोवात्ती




नेपाली मिडियामा अझै पनि बाहुन, क्षेत्री पत्रकार कामरेडहरूले ६०/६५ देखि ७०/७२ प्रतिशतभन्दा माथि स्थान ओगटेका होलान् भन्ने अनुमान गर्न सकिन्छ । अझ पत्रकारिताको मुख्य-मुख्य पदहरू जस्तै 'प्रधानसम्पादक, सम्पादक, कार्यकारी सम्पादक, कार्यक्रम निर्देशक, कार्यक्रम निर्माता, लेख रचना प्रमुख, समाचार प्रमुख, बिट प्रमुख, सिफ्ट प्रमुख आदि पदमा त ९४/९५ देखि ९६/९७/९८ प्रतिशत आर्य/खस समूह भित्रका पनि राज्यमा बर्चस्वशाली जाति भनी चिनिएका बाहुन, क्षेत्री पत्रकार कामरेडहरू नै होलान् ।

'मिडिया भनेको आवाजविहीनहरूको पनि आवाज हो' भन्ने भनाइ र आममान्यता रहेको छ, विश्वभरि । तर, यो भनाइ र मान्यतानुसार नेपालका मिडिया मात्रै नभएर विश्वका मै हुँ भन्ने देशका मिडियाहरू जहाँ मानवअधिकार, प्रजातन्त्र, लोकतन्त्र, समानता, आत्मनिर्णयको अधिकार, समावेशीकरण आदि नमुनाका रूपमा लागू भएको वा रहेको छ, ती देशका मिडियाहरू पनि आफूबारे बनेको आममान्यताअनुसार चलेका छन् होला ? प्रश्न गर्न सकिन्छ ।

त्यसैले अब पत्रकारिताको परिभाषा नै पो फेर्ने हो कि ? विचार गरौं है... ? पत्रकार कामरेडहरू ? खासगरी नेपालको हकमा 'आदिवासी जनजाति, महिला, मधेसी, दलित, भाषाभाषी, धार्मिक समूह, तेस्रोलिंगी, पिछडिएको क्षेत्र, भिन्न क्षमता भएका समूह ! आदिप्रति नेपाली मिडिया अनुदारवादी रुझान राख्ने गर्छन् भन्ने नेपालका उपीडित वा भनौं उपेक्षित समूहका अगुवाहरूको भनाइ रहने गरेको छ ।

त्यसो हुनुमा नेपाली मिडियामा 'आदिवासी जनजाति, महिला, मधेसी, दलित, भाषाभाषी, धार्मिक समूह, तेस्रोलिंगी, पिछडिएको भिन्न क्षमता भएका' आदिप्रति अनुदारवादी रुझान राख्ने वा उनीहरूको पीडा, मर्म र समस्यालाई समस्या नै नठान्ने आर्य/खस समूहभित्रका पनि राज्यमा बर्चस्वशाली जाति भनी चिनिएका बाहुन, क्षेत्री, ठकुरी, दशनामी, राणा, शाह जात समूहका (केही हदसम्म नेवार समुदायलाई पनि) पत्रकार कामरेडहरूलाई त्यसरी आक्षेप लाग्ने गरेको छ । अझ धेरै त बाहुन कामरेडहरूलाई नै लाग्ने गरेको छ, यस्तो आरोप । हुन पनि सो उत्पीडित र उपेक्षित समूहले लगाएको आरोपका बारेमा के हो, कसो हो ? किटेर यसै हो भन्न सकिन्न । किनभने, यसबारेमा पछिल्लोपटक मिहिन ढंगले सर्वेक्षण नै गरिएको भन्ने यो पंक्तिकारलाई थाहा भएन ।

तापनि नेपाली मिडियामा अझैं पनि बाहुन, क्षेत्री पत्रकार कामरेडहरूले ६०/६५ देखि ७०/७२ प्रतिशतभन्दा माथि स्थान ओगटेका होलान् भन्ने अनुमान गर्न सकिन्छ । अझ पत्रकारिताको मुख्य-मुख्य पदहरू जस्तै 'प्रधान सम्पादक, सम्पादक, कार्यकारी सम्पादक, कार्यक्रम निर्देशक, कार्यक्रम निर्माता, लेख रचना प्रमुख, समाचार प्रमुख, बिट प्रमुख, सिफ्ट प्रमुख आदि पदमा त ९४/९५ देखि ९६/९७/९८ प्रतिशत आर्य/खस समूह भित्रका पनि राज्यमा बर्चस्वशाली जाति भनी चिनिएका बाहुन, क्षेत्री पत्रकार कामरेडहरू नै होलान् ।

जो माथि नै एक प्रसंगमा भनिए झैं 'आदिवासी जनजाति, महिला, मधेसी, दलित, भाषाभाषी, धार्मिक समूह, तेस्रो लिंगी, पिछडिएको क्षेत्र, भिन्न क्षमता भएका' आदिप्रति अनुदारवादी रुझान राख्छन् । अथवा उनीहरू 'आदिवासी जनजाति, महिला, मधेसी, दलित, भाषाभाषी, धार्मिक समूह, तेस्रो लिंगी, पिछडिएको क्षेत्र, भिन्न क्षमता भएका' आदिका विषयप्रति जानाजान अनभिज्ञ/विज्ञ भएको स्वाङ पार्छन् ।

यसो भनी रहँदा पछिल्लोपटक हिमालखबर, सेतोपाटी, न्युजकारोबार, खबरहब आदिले (अनलाइन संस्करण) ले केही बढी नै 'आदिवासी जनजाति, महिला, मधेसी, दलित, भाषाभाषी, धार्मिक समूह, तेस्रो लिंगी, पिछडिएको क्षेत्र, भिन्न क्षमता भएका' आदि विषयमा लेख रचना, फिचर, समाचार आदि छाप्ने गरेको/प्रकाशित गर्ने गरेको देखिन्छ, विगतका तुलनामा । प्रिन्ट मिडियाहरू जस्तै गोरखापत्र, सौर्य दैनिक, नेपाल समाचारपत्र, कान्तिपुर, नयाँ पत्रिका, अन्नपूर्ण पोस्ट, नागरिक दैनिक, राजधानी, हिमालय टाइम्स आदिमा पनि कताकति 'आदिवासी जनजाति, महिला, मधेसी, दलित, भाषाभाषी, धार्मिक समूह, तेस्रोलिंगी, पिछडिएको क्षेत्र, भिन्न क्षमता भएका' आदिका विषयमा लेख, रचना, फिचर, समाचार आदि छापिएको देखिन्छ । त्यसमा पाठक केही कम भए पनि सौर्य दैनिक र हिमालय टाइम्सले आदिवासी जनजाति, महिला, मधेसी आदिबारे अलि बढी नै महत्व दिएर लेख रचना प्रकाशित गरेको देखिन्छ । नयाँ पत्रिका दैनिकले त दलित र मधेसीको विषयमा अरू हेरी अलि बढी नै (दलितको त एकै लेखकको दुई-तीन नाममा जस्तै 'मेखराज नेपाली र मेखराज उदय' आदि नामा लेख छापेको देखिन्छ), लेख रचना प्रकाशित गर्ने गरेको छ ।

तर, दलित र मधेसीको तुलनामा आदिवासी जनजाति र महिलाको विषयमा भने धेरै कम ! लेख रचना मात्रै प्रकाशित भएको देखिन्छ, नयाँ पत्रिकामा । हुन त लेख रचना र समाचार दिने सन्दर्भमा नयाँ पत्रिका एक उदाहरणीय र नमुना नै बनेको देखिन्छ । किनभने, नयाँ पत्रिकाले विदेशी लेखको द न्युयोर्क टाइम्स र द हिन्दुस्तान टाइम्स, प्रोजेक्ट सिन्डिकेट आदिका लेखहरू पनि प्रकाशित गर्छ, विचार पेजमा । त्यस्तै नयाँ पत्रिकाको समाचार छनौट गर्ने तरिका, समाचार दिने शैली र, समाचार र घटनाहरूको विषयको उठान आदिको शैली पनि आमपाठकहरूले मन पराएको देखिन्छ ।

समग्र देशकै मिडियाका सन्दर्भलाई एकैछिन किनारामा राखेर आदिवासी जनजाति, महिला, मधेसी, दलित समुदायका भनिएका सीमित मिडिया अथवा, मिडियाकर्मी (पत्रकार) हरूलाई मात्रै राखेर हेर्दा वा तुलना गर्दा कस्तो तस्बीर देखिन्छ त ? यहाँ छोटोमा चर्चा अथवा बहस गरौं । त्यसो त भन्नै पर्दा आदिवासी जनजाति, महिला, मधेसी, दलित समुदायका भनिएका पत्रकारहरूका खासै मिडिया हाउस छैन, एकाधबाहेक । आदिवासी जनजाति, मधेसी, दलित समुदायका भनिएकाहरूका जति पनि मिडिया हाउस छन्, तिनमा पनि आवश्यक लगानी, जनशक्ति, स्रोत, साधन आदिको अभाव रहेको देखिन्छ । त्यसैले ती मिडिया हाउसहरू खासै चल्न सकेका छैनन् । तापनि विगत ३/४/५ वर्षदेखि अनलाइन न्युज पोर्टल र यु ट्युब च्यानलहरूचाहिँ च्याउ सरी खुलेका छन्, चलेका पनि छन् । किनभने, त्यसरी च्याउ सरी खुलेका यु ट्युब च्यानलहरू र अनलाइन न्युज पोर्टलहरूलाई खासै जनशक्ति पनि चाहिएन ।

एक जना व्यक्तिले नै सबै काम जस्तै प्रकाशक, सम्पादक, लेख रचना प्रमुख, अन्तर्वार्ताकार, भाषा सम्पादक (फुफ रिडर), समाचारदाता, प्राविधिक, सुरक्षा गार्ड, फोन उठाउने (कल रिसिभर), कार्यलय सहयोगी आदिको काम गर्न भ्याउँछन् । कार्यालय पनि आफ्नै झोला (बढीमा आफ्नै कोठा) मा ।

त्यसैले त राज्य स्वयंलाई पनि यस्ता अनलाइन न्युज पोर्टल र यु ट्युब च्यानलहरू कति छन् ? अत्तोपत्तो छैन । संभवत: सूचना विभागले पनि नेपालमा यति संख्यामा अनलाइन न्युज पोर्टल र यु ट्युब च्यानलहरू सञ्चालनमा छन् भन्ने तथ्यगत तथ्यांक छैन ।

यसरी जताभावी खुलेका अधिकांश अनलाइन न्युज पोर्टल (जसलाई अनलाइन पत्रिका पनि भन्ने गरिन्छ) र यु ट्युब च्यानलहरूको न त सूचना विभागमा दर्ता छ, न त प्रेस काउन्सिलको सदस्य लिएको/भएको सदस्यता नम्बर छ, न त कम्पनी रजिस्टार्डमा दर्ता गरेको दर्ता नम्बर नै छ । यसरी सूचना विभागमा दर्ता नभई, प्रेस काउन्सिलको सदस्य नलिई/नभई, कम्पनी र जिस्टार्डमा दर्ता नगरीकनै पनि अनलाईन न्युज पोर्टल चलाउनेहरूमा कहिल्यै नामै नसुनेका पत्रकारहरूको त के कुरो गराई भो र ?

तर, अचम्म के छ भने, यसरी सूचना विभागमा दर्ता नभई, प्रेस काउन्सिलको सदस्य नलिई/नभई, कम्पनी रजिस्टार्डमा दर्ता नगरीकनै पनि अनलाईन न्युज पोर्टल चलाउनेहरूमा नेपालका ठूला प्रकाशन गृहका पत्रकारहरू समेत देखिन्छ । उदाहरणका लागि एक दैनिकका राई थर लेख्ने पत्रकार, जसले अनलाइन न्युज पोर्टल विगत लामो समयदेखि सूचना विभागमा दर्ता नगरी, प्रेस काउन्सिलको सदस्य नलिई, कम्पनी रजिस्टार्डमा दर्ता नगरीकनै चलाई रहेको देखिन्छ ।

मगरको गाहा, पुन, आले, त्यस्तै बाहुनको घिमिरे, सुबेदी, पोखरेल, अनि क्षेत्रीको कार्की, कटुवाल, बस्नेत, एवं ठकुरीको मल्ल, चन्द, शाही, आदि थरहरू भएजस्तै कुलुङ जातिको पनि 'लोवात्ती, थोमरोस, मान्थेबु, तोर्डो, सेकछा, छाप्दुलु, श्रीपोस, कुबित्ती, रुखुपो, वालाखाम, हिमार, पिदिसै, सुर्बा, तोमोछा, रोतेम्बु' आदि ३ सय ८० भन्दा बढी थर/उपथरहरू रहेको छ । त्यसैले (हामी कुलुङहरू थरलाई 'पाछा' भन्छौं) अब 'हामी कुलुङहरू पनि थरले चिनिनुपर्‍यो !' भनेर 'लोवात्ती' मात्रै लेखिएको हो । किनभने, यसअघि मैले 'निनाम कुलुङ 'मंगले'को' नामबाट लेख रचनाहरू लेख्दै आएको थिएँ ।

*- सौर्यअनलाईन*

### बिजुलीको मागमा गुणात्मक वृद्धि

# आगामी असारसम्म दुई हजार मेगावाट पुग्ने




काठमाडौँ (रासस)/ प्रभावकारी नीति, व्यावहारिक कार्ययोजनालगायत कारणले आन्तरिक बजारमा विद्युत्को माग उल्लेखनीय रुपमा वृद्धि भएको छ । हरेक वर्ष औसतमा २० प्रतिशतका दरले विद्युत्को माग बढेको पाइएको छ ।

विद्युत् खपत बढाउनका लागि चालिएका कदम र जाडो बढेसँगै विद्युत्को आन्तरिक माग ह्वात्तै बढेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । प्राधिकरणले उपलब्ध गराएको तथ्याङ्कअनुसार, गतवर्षको तुलनामा यस वर्षको विद्युत्को उच्च माग (पिक डिमाण्ड) ३०० मेगावाटको हाराहारीमा बढेको छ ।

आन्तरिक रुपमा उत्पादन भएको विद्युत् खपत गर्न नसकी खेर जाने अवस्था आएपछि खपत बढाउन विद्युतीय उपकरणको प्रयोग बढाउने र उद्योगलाई चाहिएजति विद्युत् उपलब्ध गराउने नीति लिई सोही अनुसार काम भइरहेको छ । विद्युतीय चुल्हो, एयर कन्डिशनलगायत विद्युत्बाट चल्ने घरायसी सामानको प्रयोगमा वृद्धि भएको पाइएको छ ।

सरकारीस्तरबाट चार्जिङ स्टेशन निर्माणको प्रक्रिया अगाडि नबढेको भए पनि निजी क्षेत्रले आफ्नै पहलमा चार्जिङ स्टेशन निर्माण गरिरहेका छन् । त्यसले विद्युत्बाट सञ्चालन हुने यातायातका साधनको वृद्धि भएको छ । ठूला उद्योगलाई माग अनुसारको बिजुली उपलब्ध गराइएको छ ।

उद्योगले पर्याप्त विद्युत् पाएका कारण उत्पादन क्षमतामा वृद्धि भएको छ । त्यसबाट दैनिक रुपमा खपत बढिरहेको छ । प्राधिकरणले कात्तिकको अन्तिम सातादेखि नै देशकै ठूलो सिमेन्ट उद्योग होङ्शीलाई ३० मेगावाट विद्युत् उपलब्ध गराएको छ । चिनियाँ लगानीको अर्को हुवासिन सिमेन्ट उद्योगले पनि २० मेगावाट बिजुली जोडेको छ । विद्युत्को माग क्षमता (मेगावाट) र ऊर्जा (युनिट) दुवै बढिरहेको छ । उदाहरणका मंसिर २७ गते प्रणालीमा विद्युत्को उच्च माग एक हजार ५३९ मेगावाट थियो । गत वर्षको सोही दिनको माग एक हजार २१७ मेगावाटको थियो । गत वर्षको तुलनामा यो ३२२ मेगावाट बढी हो ।

यस आधारमा विद्युत्को पिक डिमाण्ड गत वर्षको सोही दिनको तुलनामा २६.५ प्रतिशतले वृद्धि भएको छ । गत मंसिर २७ गतेको प्रणालीको पिक डिमाण्ड पूर्तिका लागि प्राधिकरणका विद्युत् गृहबाट ५४० मेगावाट, प्राधिकरणका सहायक कम्पनीका विद्युत्गृहबाट ५२९ मेगावाट, निजी क्षेत्रका विद्युतगृहबाट ४२५ मेगावाट र भारतबाट २५ मेगावाट आयात गरिएको थियो ।

सोही दिन पिक समयमा पनि ४ मेगावाट विद्युत् भारततर्फ निर्यात गरिएको थियो । विद्युत् बढी खपत हुने काठमाडौँ उपत्यकासहित आसपासको क्षेत्रमा विद्युत् माग पनि ह्वातै बढेको छ । काठमाडौँ उपत्यकामा विद्युत्को अधिकतम माग ९० मेगावाटको हाराहारीमा वृद्धि भएको छ । गतवर्ष २९३ मेगावाट रहेको काठमाडौँ उपत्यकाको पिक डिमाण्ड यस वर्ष ३८२ मेगावाट पुगेको छ । यसले पनि काठमाडौँ उपत्यकामा पनि उल्लेख्य रुपमा बिजुलीको मागमा वृद्धि भएको देखिन्छ ।

उपत्यकामा विद्युतीय चुल्होको प्रयोगमा वृद्धि भएको पाइएको छ । ऊर्जाका मागका आधारमा मंसिर २७ गते विद्युत् खपत दुई करोड ७२ लाख युनिट थियो । यो खपत गत वर्षको सोही दिनको दुई करोड ११ लाखको तुलनामा ६१ लाख युनिट बढी हो । ऊर्जाका आधारमा विद्युत् खपत गत वर्षको तुलनामा २८.६५ प्रतिशतले बढी हो ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले गत वर्षको तुलनामा यस वर्ष ३० प्रतिशतको हाराहारीमा पिक डिमाण्ड बढ्नु ठूलो उपलब्धि भएको बताए । "घरायसी प्रयोजनका लागि इन्डक्सन चुल्हो तथा घरमा एयर कन्डिशनको प्रयोग बढिरहेको छ, विद्युतीय सवारी साधनको प्रयोग बढ्दा चार्जिङ स्टेसन विस्तार भइरहेको छ, औद्योगिक क्षेत्रमा पर्याप्त विद्युत् उपलब्ध गराउने प्रयाससँगै लोडको माग बढिरहेको छ", उनले भने । उनले विद्युत्को माग अहिलेकै रुपमा बृद्धि भयो भने चालू आवको अन्त्यसम्ममा दुई हजार मेगावाटको हाराहारीमा पुग्न सक्ने देखिएको जानकारी दिए ।

कार्यकारी निर्देशक घिसिङले उपभोक्तालाई भरपर्दो र गुणस्तरीय विद्युत् उपलब्ध गराएर देशभित्र उत्पादित विद्युत् आन्तरिक रुपमै खपत बढाउने कुरालाई पहिलो प्राथमिकतामा राखी अल्पकालीन र दीर्घकालीन योजनाअन्तर्गत प्रसारण तथा वितरणतर्फका पूर्वाधार विस्तार तथा सुदृढीकरणलाई उच्च प्राथमिकतामा राखी काम अगाडि बढाइएको बताए ।

उनी आफैँले मुलुक भित्रका मुख्य औद्योगिक करिडोरको अनुगमन भ्रमण गरी उद्योगीहरुलाई चाहिए जति विद्युत् लिन आग्रह गर्दै आएका छन् । प्राधिकरणको अल्पकालीन योजनाअन्तर्गत विद्युत् माग गरेका उद्योगलाई प्रसारण तथा वितरण लाइनको सुदृढीकरण तथा क्षमता विस्तार गरी तत्काल विद्युत् दिने र निर्माणाधीन आयोजनाको काम जतिसक्दो छिट्टो सम्पन्न गर्ने रहेको छ ।

दीर्घकालीन योजना अन्तर्गत विद्युत् खपत बढ्न सक्ने सम्भावित ठाउँको पहिचान गरी प्रसारण तथा वितरणतर्फका ठूला क्षमताका लाइन तथा सबस्टेसन निर्माण सुरु गर्ने प्राधिकरणको योजना छ । प्राधिकरणले थप विद्युत् आवश्यक पर्ने उद्योगलाई परिमाण खुलाएर तत्काल आवेदन दिन आग्रह गरिरहेको छ । मुख्य रुपमा औद्योगिक करिडोर क्षेत्रको विद्युत् प्रसारण तथा वितरण प्रणालीको सञ्जाल सुधारका लागि बृहत् सुदृढीकरणको काम अगाडि बढाइएको छ ।

# कपाल रोप्न ऋण !

चितवन (रासस)/ उद्योग व्यवसाय गर्न ऋण पाइनु त सामान्य मानिन्छ तर यहाँ कपाल रोप्न पनि ऋणको व्यवस्था गरिएको छ । यहाँस्थित चितवन मेडिकल कलेज शिक्षण अस्पतालले कपाल रोप्न (प्रत्यारोपण गर्न) आउने सेवाग्राहीलाई ऋणको व्यवस्था गरेको हो ।

अस्पतालले कपाल प्रत्यारोपणलगायत कस्मेटिक उपचार शुल्क किस्ताबन्दीमा तिर्न पाइने व्यवस्था गरेको छ । अस्पतालले सनराइज बैंकसँग सहकार्य गरेर किस्ताबन्दी सुविधा दिएको हो । अस्पतालभित्रै सो काउन्टर रहेको छ । कपाल प्रत्यारोपणलगायत कस्मेटिक उपचारका लागि आउने सेवाग्राहीलाई किस्ताबन्दीमा शुल्क तिर्ने व्यवस्था मिलाइएको अस्पतालको डर्माटोलोजी विभागका व्यवस्थापन प्रमुख कृतिष्मा अर्यालले बताए ।

बैंकले २५ हजारदेखि दुई लाखसम्म यस्तो ऋण धितोबिना नै शून्य व्याजदरमा उपलब्ध गराउने उनको भनाइ छ । अठार महिनासम्म किस्तामा तिर्न मिल्ने ऋणका लागि आयस्रोत भने खुलाउनुपर्ने जनाइएको छ । उनले लक्जरी सुविधा भएकाले एकैपटक शुल्क तिर्न गाह्रो हुनेलाई लक्षित गरेर ऋणको व्यवस्था गरिएको जानकारी दिए । सेवा लिन आउने सेवाग्राहीलाई आवश्यक कागजपत्र बनाउन अस्पतालबाटै सहयोग गरिने जनाइएको छ । व्यवस्थापन विभाग अर्यालले भने, "बैंक धाइरहनुपर्ने झन्झट हुँदैन, हामीले सहजीकरण गरिदिन्छौँ ।" चितवनमा पहिलो पटक यो सुविधा दिइएको जनाइएको छ ।

अस्पतालको डर्माटोलोजी विभागमा कपाल प्रत्यारोपणका साथै अनुहारको चाउरीपन हटाउने, छालामा चमक ल्याउने, चाया, पोतो हटाउने, डण्डीफोरलगायतका दाग, धब्बा हटाउने सेवा छन् । यी सबै सेवाको शुल्क किस्ताबन्दीमा तिर्न मिल्ने उनी बताउँछन् ।

अस्पतालका कन्सल्टेन्ट डर्माटोलोजिष्ट एण्ड हेयर ट्रान्सप्लान्ट सर्जन डा. श्रद्धा उप्रेती पछिल्लो आधुनिक प्रविधिमार्फत कपाल प्रत्यारोपण गरिँदै आएको जनाइएको छ । उनले भने "कपाल भएको ठाउँबाट जरासहित निकालेर नभएको ठाउँमा प्रत्यारोपण (रोप्ने) गरिन्छ । पुरुषमा तालु खुइलिने समस्या हुन्छ । यस्तोमा टाउकाको पछाडिको भाग, साइडको भाग, दाह्री अनि छातीको कपाल जुन कहिल्यै झर्दैन, यस्ता स्थानका कपाललाई निकालेर कपाल नभएको ठाउँमा रोप्छौँ ।" यसरी कपाल रोप्दा ठूलो साइडइफेक्ट नहुने उप्रेतीले दाबी गरे । लडेर, पोलेर वा दुर्घटनाबाट कुनै खत बसेको छ भने पनि त्यस्तो ठाउँमा कपाल रोप्न सकिने र आइब्रो पातला भएका महिलाले आइब्रोमा कपाल प्रत्यारोपण गर्न सक्ने उनको भनाइ छ ।

प्रत्यारोपण गरिएको कपाल ४८ देखि ७२ घण्टा पछि बढ्न सुरु हुने जनाइएको छ । उनले भने, "पाँच महिनापछि कपाल कटाउन मिल्ने हुन्छ । करिब एक वर्षभित्र कपाल बाक्लो भएर आउँछ र मुन्डन गरे पनि फेरि पलाइरहन्छ ।"

अस्पतालका अध्यक्ष तथा प्रबन्ध निर्देशक प्राडा हरिश्चन्द्र न्यौपानेले यो सुविधा किस्ताबन्दीमा सुरु गरेसँगै एकैपटकमा शुल्क तिर्न नसक्नेलाई सहज हुने बताए । सेवाग्राहीका लागि कसरी सहज सेवा दिन सकिन्छ भन्ने विषयमा अस्पताल सधैँ लागिपरेको उनको भनाइ छ । यो मेडिकल कलेज धेरै बिरामीको उपचार गर्नेमध्येमा पर्दछ ।

## 'साहित्यमा दृष्टिकोण' विषयक परिचर्चा

काठमाडौँ (रासस)/ नेपाल प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव प्रा जगत्प्रसाद उपाध्यायले आजको साहित्यिक लेखनीले अध्यात्मवादका राम्रा कुरालाई ग्रहण गर्दै समाज बदल्ने वैज्ञानिक विश्व दृष्टिकोणलाई आत्मसात् गर्नुपर्ने बताएका छन् । साहित्य सन्ध्याको मासिक ४२३ औँ शृंखलामा शनिबार समालोचकीय मन्तव्य दिँदै उनले चेतनालाई प्रधान्यता दिँदै सामाजिक रुपान्तरणका लागि रचना गर्नु स्रष्टाको धर्म भएको बताए ।

सन्ध्याका अध्यक्ष राम विनयको अध्यक्षतामा सम्पन्न सो भर्चुअल कार्यक्रममा विधान आचार्य, डा भीम खतिवडा, स्नेह सायमी, तारा गाउँले, बेनीबहुर थापा, डम्बर पहाडी, गोपालकुमार मैनाली, महेशराज खरेल, डिल्लीराज अर्याल, खेमराज निरौला, रामदेव पाण्डेय, खगेन्द्र दाहाल, दिव्यलक्ष्मी पोखरेल, विन्दु अधिकारी, गोपाल नेपाल, उर्मिला पन्त पाण्डेय, तारक धिताल, गीता सापकोटा, दुर्गा नेपाली मोरङ, गोमा कट्वाल संखुवासभा, गणेश मार्मिक घिमिरे, यशोदाकुमारी दाहाल इलामले आफ्ना कविता, गीत, हाइकु र एलाक वाचन गरेका थिए ।

# नि:शुल्क सेनेटरी प्याड वितरण

दमौली (रासस)/ तनहुँको भानु नगरपालिकाले नगर क्षेत्रभित्रका २८ विद्यालयमा सेनेटरी प्याड वितरण गरेको छ । छात्रालाई महिनावारी भएका बेलामा पनि विद्यालयमा नियमित गराउने उद्देश्यले विद्यालयमा सेनेटरी प्याड उपलब्ध गराएको हो ।

कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्रालाई लक्षित गरी नगरपालिकाले नि:शुल्करुपमा सेनेटरी प्याड उपलब्ध गराएको नगरपालिकाका शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख ध्रुवराज पौडेलले जानकारी दिए । सरकारले विगत दुई वर्षदेखि सामुदायिक विद्यालयमा सेनेटरी प्याड उपलब्ध गराउँदै आएको छ । नगर पालिकाले पनि सशर्त कार्यक्रमका रुपमा प्राप्त बजेटबाट नियमानुसार खरिद गरी सरकारले तोकेको मापदण्डअनुसारको प्याड वितरण गरेको उनले बताए ।

गत आर्थिक वर्षमा खरिद गरिएका केही प्याड कोरोना, लकडाउन तथा पहाडी क्षेत्रमा वर्षायाममा सवारीसाधन जान कठिनाइ हुने लगायतका विभिन्न कारणले छ विद्यालयमा वितरण गर्न बाँकी रहेकामा त्यस विद्यालयमा पनि प्याड पुर्याइएको छ । योसँगै भानुका २८ मावि र आधारभूत विद्यालयमा गरी २५ हजार १३३ प्याकेट (दुई लाख एक हजार ६४ पिस) प्याड उपलब्ध गराइएको शाखा प्रमुख पौडेलले बताए ।

प्याडको प्राप्ति, संरक्षण, वितरण, व्यवस्थापन र अभिलेखनका लागि प्रत्येक विद्यालयमा एक महिला शिक्षकलाई संयोजक तोकिएको छ । संयोजकले छात्रालाई आवश्यकता अनुसार वितरण गर्ने, यसको सही ढङ्गले प्रयोग गर्नेबारे प्रशिक्षण र सहजीकरण गर्ने, शौचालयमा प्याड डिस्पोजल बिन राख्न लगाई सहीरुपमा बिसर्जन गर्न लगाउने काम गर्नेछन् । नगरपालिकाले चालू आर्थिक वर्षमा पनि यस कार्यक्रमलाई निरन्तरता दिएको छ ।

महिनावारी भएका बेला छात्रा नियमित विद्यालय नआउने समस्या रहेको छ ।

"विद्यालयमै प्याड उपलब्ध हुने भएपछि विद्यार्थी नियमित विद्यालय आउँछन्, यसले उनीहरुको पढाइमा समेत असर पर्दैन", शाखा प्रमुख पौडेलले भने ।

## पहिचानले राष्ट्रियता सदृढ हुन्छ : अध्यक्ष प्रचण्ड




काठमाडौँ (रासस)/ नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनताको बलिदानीपूर्ण संघर्ष र माओवादीको नेतृत्वदायी भूमिकाका कारणले मात्र उपेक्षित क्षेत्र तथा उत्पीडित समुदायको पहिचान र अधिकारको प्रत्याभूति भएको बताएका छन् ।

किराँत समुदायको पर्व उधौली तथा नेवार समुदायले मनाउने योमरी पुन्हिका अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली किराँत र नेवार समुदायमा शुभकामना व्यक्त गर्नुहुँदै उनले सबै समुदायको हकअधिकार र पहिचानले नै राष्ट्रियता सदृढ हुन्छ भने । समुदायको पहिचान सहितको समृद्धि नै राष्ट्रको उन्नति भएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले मुलुकको सामाजिक विकास र समृद्धिमा यस्ता अमूल्य संस्कृतिको ठूलो योगदान रहँदै आएको स्मरण गरेका छन् ।

हरेक नेपालीको पहिचान भनेको उसको परम्परागत संस्कृति भएको तथ्य पेश गर्दै उनले यही सांस्कृतिक विविधतासहितको सहिष्णुता नै नेपाली समाजको एकता भएको सन्देशमा उल्लेख गरेका छन् । अध्यक्ष प्रचण्डले यी र यस्ता पर्वले सम्पूर्ण नेपाली जनसमुदायमा आपसी सद्भाव र सहअस्तित्वको भावना विकास गर्न सहयोग पुर्याउने जनाउँदै शुभकामना व्यक्त गरेका छन् ।

# साकेला उधौली सुरु



खोटाङ (रासस)/ प्रकृतिपूजक भनेर चिनिने किराँत समुदायको महान चाड साकेला उधौली आइतबारदेखि सुरु भएको छ । किराँत समुदायमा मंसिर पूर्णिमादेखि १५ दिनसम्म उधौली र वैशाख पूर्णिमादेखि महिना दिनसम्म साकेला उभौली मनाउने चलन छ ।

पन्ध्र दिनसम्म मनाइने उधौली साकेलाको अवसरमा मझुवागढीमा भेला भएर किराँती पुर्खा/धामीहरुले आज प्रकृतिको पूजा आराधना गरी पर्वको सुरुवात गरेको किराँत राई यायोख्खा खोटाङ शाखाले जनाएको छ । किराँत ऐतिहासिकस्थल मझुवागढीमा पूजाआजा गरेर औपचारिक रुपमा सुरु गरिने उधौलीका अवसरमा जिल्लाका विभिन्न ठाउँमा औपचारिक कार्यक्रमसमेत गरिने भएको छ ।

वर्षको दुईपटक मनाइने साकेला चाडको उधौलीमा अन्नको सह बसोस्, अनिकाल नलागोस् भन्ने कामनाका साथ प्रकृतिको पूजा गरिन्छ । कुखुराको भाले, चोखो जाँड, रक्सी, अदुवा, पहेँलो रङको चामललगायत सामग्री प्रयोग गरेर प्रकृतिको पूजा गर्ने प्रचलन रहेको किराँत राई बताउँछन् ।

साकेला उधौलीको अवसर पारेर जिल्लाका ऐतिहासिक तथा पर्यटकीयस्थल तुवाचुङ-हलेसी तुवाचुङ नगरपालिकाको जायाजुङ, दिक्तेल रुपाकोट मझुवागढी नगर पालिकाको रुपाकोट, मझुवागढी र मेरुङ, जन्तेढुंगाको गाउँपालिकाको जन्तेढुंगा र छोङ्खा, खोटेहाङ गाउँपालिकाको कपासेभञ्ज्याङलगायत साकेला स्थानमा साकेला सिली नाच्ने चलन छ ।

उधौली र उभौलीमा किराँत राईहरुको प्रत्येक घरमा तीन चुल्हा पुज्नाका साथै साकेला स्थानमा भूमिको पूजाआजा गरेपछि साकेला गीतको भाका तथा ढोल र झ्याम्टाको तालमा सिली टिप्दै गोलो घेरा हालेर साकेला सिली नाच्ने गरिन्छ । छितको गुन्यु मखमलको चोली, पहेंलो पटुकी, दौरा सुरुवाल, ढाका टोपीलगायत किराँती मौलिक वेषभूषामा सजिएर हरेक किराँत राईको घर घरमा नाच्दै गाउँदै हर्षोल्लासका साथ मनाइने यो चाडमा किराँत समुदाय मात्र नभई गैरकिराँत समुदायका युवायुवतीसमेत सहभागी हुने गरेका छन् । चराचुरुङ्गी तथा जीवजन्तुको नक्कल गर्दै ढोल/झ्याम्टाको तालमा सुम्निमा र पारुहाङले सम्पूर्ण सृष्टिजगतको रक्षा गरून् भन्ने कामनाका साथ साकेला चाड मनाउने गरिन्छ ।

हरेक वर्ष जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजार स्थित मझुवागढीबाट विधिवत् रुपमा सुरु गरिने साकेला उधौलीको अवसरमा आफन्तजन तथा इष्टमित्रबीच शुभकामना आदानप्रदान गरिन्छ । बालकदेखि वृद्धसम्म एउटै लहरमा बसेर सामूहिक रूपमा नाचिने साकेला सिलीले दर्शकलाई समेत भरपुर मनोरञ्जन दिने गर्दछ ।

उधौली तथा उभौलीको अवसरमा किराँत राईले मात्र नभइ सबै जातजाति तथा धर्मका समुदायलेसमेत साकेला सिली नाच्ने भएकाले जातीय सहिष्णुता, एकता र भाइचाराको विकास गर्ने एउटा समृद्ध संस्कृतिको रुपमा विकास भएको किराँत राई यायोख्खा खोटाङ शाखाका सचिव युगशस किराँतले बताए । "यस पर्वले जातीय, धार्मिक तथा सांस्कृतिक सद्भाव, आपसी मेलमिलाप कायम गर्दै द्वन्द्वलाई निरुत्साहित गर्न भूमिका खेल्ने गरेको छ", उनले भने, "साकेला पर्वमा विशेषगरी प्रकृति र पितृको पूजा गरी आपसमा शुभकामना आदानप्रदान गर्ने गरिन्छ ।"

साकेला उधौली पूर्वी नेपालको खोटाङ, भोजपुर, धनकुटा, उदयपुर, ओखलढुङ्गा, सोलुखुम्बु, सङ्खुवासभा, सुनसरी, ईलाम, पाँचथर, झापा, मोरङलगायत किराँत समुदायको बसोबास रहेको ठाउँमा धुमधामका साथ मनाउने गरिएको छ । साकेला उधौली तथा उभौली किराँत राई, लिम्बू, याक्खा र सुनुवार समुदायले मुख्य चाडका रुपमा मानाउने गरेका छन् ।

अन्नबाली लगाउने समय अर्थात बैशाख पूर्णीदेखि उभौली र अन्न भित्रचाउने बेला अर्थात मंसिर पूर्णिमादेखि उधौली चाड मनाउने चलन छ । चराचुरुङ्गी बेंशीतिर झर्ने र लेकतिर जाने याममा मनाइने यो चाडमा आफन्तजन, चेलीबेटीलगायत भेला हुने र दु:ख सुखका कुरा गर्ने चाडका रुपमा पनि लिइन्छ ।

# घिरिङमा एक घर एक धारा अभियान

दमौली (रासस)/तनहुँको घिरिङ गाउँपालिकामा एक घर एक धारा अभियानलाई तीव्र पारिएको छ । हालसम्म खानेपानी सुविधा नपुगेका गाउँमा स्वच्छ खानेपानी पुर्याउन गाउँपालिकाले एक घर एक धारा अभियानलाई तीव्रता दिएको हो । खोला तथा पधेराको पानी उपभोग गर्दै आएका स्थानीयवासी घरघरै धारा आएपछि हर्षित छन् ।

अभियानअन्तर्गत वडा नं-५ स्थित च्याचुल गाउँमा खानेपानी सुविधा पुगेको छ । समुन्द्र सतहबाट एक हजार ५० मिटर उचाइमा अवस्थित उक्त गाउँमा अलैची खानेपानी योजना निर्माण गरिएको गाउँपालिकाका सल्लाहकार सुमनकुमार श्रेष्ठले जानकारी दिए । गाउँपालिकाको ६२ लाखको लागतमा निर्माण गरिएको सो योजनाबाट ४६ घरधुरीमा खानेपानी विस्तार गरिएको छ ।

गत वर्षदेखि निर्माण सुरु गरिएको खानेपानी योजना कोरोना संक्रमणका कारण केही समय ढिला भएको थियो । "कोरोना न्यूनीकरणका लागि गरिएको बन्दाबन्दीमा पनि उपभोक्ताबाट निरन्तर काम भएको थियो," उनले भने, "घरघरमै खानेपानी सुविधा पुगेपछि स्थानीयवासी खुसी छन् ।" घरघरमै धारा जडान भएको खुसीयालीमा उनीहरूले नाचगानसमेत गरेका छन् । धारा नहुँदा यहाँका बासिन्दालाई खानेपानीका लागि कुवा र पधेराको भर पर्नुपर्दा बिहानैदेखि पानीको जाहो गर्नुपर्ने चिन्ता हुन्थ्यो ।

अहिले घर घरमै धारा पुगेपछि अब उनीहरूलाई उक्त चिन्ता हटेको छ । गाउँपालिकाका अध्यक्ष रनबहादुर रानाले खानेपानीको सुविधा नपुगेका हरेक घरमा पानी पुर्याउने लक्ष्यका साथ अगाडि बढेको र सुविधा नपुगेका ठाउँमा एक घर एक धारा अभियान सञ्चालन गरिएको उनको भनाइ थियो ।

गण्डकी प्रदेश सरकार, गाउँपालिका, पश्चिम नेपाल निर्वाचन क्षेत्र विकाश कार्यक्रमलगायतको सहयोगमा खानेपानी सुविधा नपुगेका गाउँबस्तीमा खानेपानी पुर्याउने अभियान सञ्चलन गरिएको हो । हालसम्म गाउँपालिकाका एक हजार ७०० घरधुरीमा एक घर एक धारा पुगेको र ४५० घरधुरीमा धारा पुग्ने तयारीमा छ । घिरिङ गाउँपालिका-१ स्थित पल्लो गढीगाउँ, पोखेलटोल, लामादी, खापा पुट्टार, जगौली र पुत्ताउँमा खानेपानी सुविधा पुगिसकेको छ भने कटहरे, बैडी, भन्सार, अत्रौली पुट्टारमा खानेपानीको काम भइरहेको छ । प्रादेशिक भौतिक पूर्वाधार विकास मन्त्रालयको दश करोड ६० लाख ६७ हजार ९०९ को लागतमा पाँच वटा योजना निर्माणाधीन अवस्थामा छन् ।

प्रथम योजनाअन्तर्गत कटहरेमा दुई करोड पाँच लाख ८३ हजार एक ११९, दोस्रो योजनाअन्तर्गत पुट्टारमा दुई करोड १४ लाख ६८ हजार ६२१, तेस्रो योजनाअन्तर्गत बैडीमा चार करोड आठ लाख १३ हजार ४२४, चौँथो योजनाअन्तर्गत भन्टारमा ५९ लाख १०४ र पाँचौं योजनाअन्तर्गत अत्रौलीमा एक करोड ७३ लाख दुई हजार ६४० को लागतमा खानेपानी योजना निर्माण हुँदैछ ।

वृहत खानेपानी योजनाबाट ५९७ घरधुरी लाभान्वित हुने भएका छन् । डिभिजन खानेपानी कार्यालयका अनुसार कटहरेका ८६, पुट्टारका ८५, बैडीका २४२, भन्टारका ३९ र अत्रौलीका १४५ घरधुरी लाभान्वित हुनेछन् । स्थानीयवासीले दश प्रतिशत श्रमदान गर्नुपर्ने यी सबै योजना विसं २०७९ असार २४ सम्म सम्पन्न गर्नुपर्ने संझौतामा उल्लेख छ ।

घिरिङ-२ स्थित देउराली, छानुङ, आरामकोट, बोहोछाप, दुम्कोट, घुर्लीछाप, माहोरकोट, कोलडाँडा, घ्याछाप, फलानठाँटी, काठेकोट, छानुङमानुङ, गजरकोटमा प्रत्येक घरमा खानेपानी सुविधा पुगेको छ । सोही वडाको भोर कोटामा खानेपानी आयोजना निर्माण सम्पन्न हुने चरणमा छ ।

घिरिङ-३ स्थित काफलडाँडा, सिलिङखोला, लामोचौतारी, बाहुनचौतारी, घिरिङ हटिया, गैराथोक, डाँडाथोक, आर्चमबासका प्रत्येक घर धुरीमा खानेपानी सुविधा पुगेको छ भने नेवापानी, पोखरीछापमा खानेपानी योजना निर्माणाधीन अवस्थामा छ । घिरिङ-४ स्थित कोटसाभुङ, धाब्दी, बट्यौलीटारमा घरघरमा खानेपानी पुगिसकेको र रामकोट, ठामडाँडा, फूला सिफ्लुङ, करुवाटार, पुर्कोटमा सो योजना सम्पन्न हुने चरणमा पुगेको गाउँपालिकाले जनाएको छ ।

## नेपाल तामाङ पत्रकार संघको अध्यक्षमा योञ्जन




काठमाडौँ (रासस)/ नेपाल तामाङ पत्रकार संघका अध्यक्षमा सुवास योञ्जन चयन भएका छन् ।

सूचना तथा सञ्चार प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीको उपस्थितिमा संघको शनिबार सम्पन्न छैटौँ राष्ट्रिय महाधिवेशनबाट योञ्जनका अध्यक्षतामा २७ सदस्यीय कार्यसमिति निर्विरोध चयन गरेको हो । संघको वरिष्ठ उपाध्यक्षमा बुद्ध योञ्जन, प्रथम उपाध्यक्ष विश्वराज तामाङ, द्वितीय उपाध्यक्ष नेत्र तामाङ, महिला उपाध्यक्ष अञ्जु तामाङ, महासचिव तीर्थराज बल, सचिव शिशिर तामाङ, उर्गेन लो तामाङ र सरस्वती तामाङ र कोषाध्यक्ष डोल्मा छिरिङ तामाङ चयन भएका छन् ।

यस्तै १८ जनालाई सदस्यमा चयन गरिएको छ । नवनिर्वाचित अध्यक्ष योञ्जनले आफ्नो कार्यकालमा तामाङ पत्रकारको क्षमता र मुद्दालाई अझै उचाइमा पुर्याउने बताए । उनको कार्यकाल तीन वर्षको हुनेछ ।

## लाइसेन्स हराएको सूचना

मेरो निम्न व्यहोराको लाइसेन्स २०७८ मंसिर २२ गते चौकीटोलबाट बुद्धचोक जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय अथवा निम्न नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम**: शिवराम पुडासैनी
**ठेगाना**: गढीगाउँपालिका-६, (साविक आमभञ्ज्याङ्ग-६)
**लाइसेन्स नम्बर**: १०-१९५२४३
**फोन**: ९८४५३९९०२६

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ
प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# एमसिसीबारे सत्तारुढ गठबन्धनद्वारा कार्यदल गठन



काठमाडौं (रासस)/ सत्तारुढ गठबन्धन दलहरुले संयुक्त राज्य अमेरिकी सहयोग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी)बारे अन्य दलसँग छलफल गर्न र टुङ्गोमा पुग्न तीन सदस्यीय कार्यदल बनाएका छन् ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले आज आह्वान गर्नुभएको सत्तारुढ गठबन्धनको बैठकले सो सहमति गरेको हो । कार्यदलमा नेकपा (एकीकृत समाजवादी)का वरिष्ठ नेता झलनाथ खनाल, सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की र नेकपा (माओवादी केन्द्र)का उपाध्यक्ष नारायणकाजी श्रेष्ठ रहेका छन् ।

कार्यदलले संसद् बैठक सुचारु गर्नेदेखि संसद्मा विचाराधिन विभिन्न विषय अगाडि बढाउने सम्बन्धमा दलहरुसँग आवश्यक परामर्श र छलफल गर्ने कार्यदिश पाएको बैठकमा सहभागी एक नेताले जानकारी दिए । बैठकमा कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, उपसभापति पूर्णबहादुर खड्का, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र उपाध्यक्ष श्रेष्ठ, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र महासचिव वेदुराम भुसाल, जनता समाजवादी पार्टीका संघीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराई र अध्यक्ष उपेन्द्र यादव सहभागी थिए ।

पाँच दलीय सत्तारुढ गठबन्धनको बैठकपछि आजै संसद्मा प्रतिनिधित्व गर्ने दलहरुको बैठक बसेको थियो ।

बैठकमा संसद्मा जारी गतिरोध अन्त्य गर्ने, संसद्मा विचाराधिन विषयलाई अगाडि बढाउनेलगायत समसामयिक विषयमा छलफल भएको प्रधानमन्त्री देउवाका कानुन विज्ञ अधिवक्ता केशवराज जोशीले जानकारी दिए ।

# धमिलेको कारोबार २४ लाख

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरगढी-३ देवीडाँडामा रहेको धमिले कृषि सहकरी संस्था लिमिटेडले एक वर्ष अवधिमा २४ लाख ११ हजार ४ सय ३० रुपैयाँ कारोबार गरेको छ ।

धमिलेको दशौं साधारणसभामा प्रस्तुत गरिएको प्रतिवेदनमा कारोबार रकम उल्लेख गरिएको छ । संस्थाका अध्यक्ष नवराज सञ्जेलको अध्यक्षता तथा मकवानपुरगढी गाउँपालिका वडा नम्बर ३ का वडाध्यक्ष भागवत घिमिरेको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो ।

कार्यक्रममा वडाध्यक्ष घिमिरेले धमिले कृषि सहकारी संस्था जिल्लामै उदाहरणीय सहकारी संस्था रहन सक्ने बताए । सहकारीको भवन निर्माण गर्न आर्थिक सहयोग गरिएको र किसानलाई सहयोग पुगोस् भन्ने उद्देश्यले ट्राक्टरसमेत वितरण गरेको अध्यक्ष घिमिरेले बताए ।

उनले गाउँपालिकाको कृषकलाई तरकारी विउ भण्डारण गर्न कोल्ड स्टोरको समस्या भईरहेको बेला गाउँपालिकाकै पहलमा संघीय सरकारको ९३ लाख लागतमा डुम्रेकुनामा कोल्डस्टोर भवन बन्न लागेको बताएका छन् ।

कार्यक्रममा सहकारी संस्थाका अध्यक्ष नवराज संजेलले संस्थागत प्रतिवेदन र लेखा समिति संयोजक टिकादत्त घिमिरेले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । संस्थाले आर्थिक वर्ष २०७७/०७८ मा २४ लाख ११ हजार ४ सय ३० रुपैया बराबरको कारोबार गरेको छ ।

संस्थाले बचत तथा ऋणका साथै सहकारी उपभोक्ता पसल अन्तरगत रासायनिक मल, वीउ, किटनाषक औषधि ,अनाज तरकारी तथा फलफुल खरिद बिक्रिवितरणको काम गर्दै आएको छ । संस्थाले कृषि ज्ञानकेन्द्र संगको सहकार्यमा किसानलाई प्लास्टिक पोखरी ,प्लाष्टिक टनेल कृषि औजार कुलो निर्माणमा सहयोग गर्दै आएको संस्थाका अध्यक्ष संजेलले बताए ।

सभामा नियमित बचत तर्फ चन्द्रमान गोले, नियमित किस्ता तर्फ कृष्ण कुमारी अर्याल र नगद कारोबार तर्फ गोकर्ण ओझालाई नगद सहित सम्मानित गरिएको थियो । कार्यक्रममा संस्थाका संथापक अध्यक्ष अनिरुद्र दाहाल, मनकामना दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष अर्जुन दाहाल, मकवानपुरगढी गाउँपालिकाका कृषिशाखा प्रमुख चन्द्रकान्त चौधरी, बाबियोडाँडा टोलबिकास संस्थाका अध्यक्ष राजेश देवकोटा, सरस्वती आधारभुत विद्यालयका अध्यक्ष प्रेम प्रसाद दाहाल, संस्थाका सल्लाहकार गोविन्द शर्मा तिमल्सिनालगायतको उपस्थिति रहेको थियो ।

# पातलीमाया बनिन् मिसेस तामाङ मकवानपुर




साझाकुरा संवाददाता

हेटौंडा/ओपेरा इन्फोटेन्टमेन्ट सिने प्रालिको आयोजनामा भएको मिसेस तामाङ मकवानपुर-२०७८ को विजेता पातलीमाया सिन्तान घोषित भएकी छन् ।

शनिबार हेटौंडामा भएको फाइनल प्रतिस्पर्धाबाट मिसेस तामाङ मकवानपुर-२०७८ को सिन्तान विजेता बनेकी हुन् । प्रतियोगिताको टप ८ बाट फस्ट रनरप विन्दु रुम्बा, सेकेन्ड रनरपमा गंगा लामा विजेता भएको जनाइएको छ ।

ओपेराका संचालक विक्रम लुङ्वाको अध्यक्षतामा भएको कार्यक्रममा भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष सानु लामा, मकवानपुर तामाङ कलाकार संघका अध्यक्ष धिरेन लामा, गोले वंश तामाङ उत्थान समाज मकवानपुरका अध्यक्ष राजकुमार गोले लगायतको उपस्थिति रहेको थियो ।

# ३३ विगाह गाँजा फडानी



साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको राक्सिराङ गाउँपालिकाका बिभिन्न वडाहरुमा गाँजा र अफिम खेती फडानी गरिएको छ ।

यस क्षेत्रमा ३३ बिगाहा गाँजा र १९ बिगाहा अफिम खेती फडानी गरिएको हो । लागूऔषध गाँजा खेती नष्ट गर्ने अभियान अन्तर्गत बागमती प्रदेश दंगा नियन्त्रण प्रहरी गण हेटौडा र जिल्ला प्रहरी कार्यालय मकवानपुर बाट संयुक्त रुपमा गएको ६० जना प्रहरीको टोलिले अफिम र गाँजा फडानी गरेको हो ।

राक्सिराङ गाउँपालिकाको वडा नम्बर ४ र ५ अन्तर्गतका वडा एरियाहरुमा ३३ बिगाहा लागुऔषध गाँजा र १९ बिगाहामा अबैध रुपमा लगाइएको अफिम खेती फडानी गरी नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरिक्षक देवेन्द्र दासले जानकारी दिए ।

प्रहरी रिनिक्षक सुमन बानियाँको कमाण्डमा खटिएको ६० जनाको प्रहरी टोलीले राक्सिराङ गाउँपालिका वडा नम्बर ५ अन्तर्गत धुर्सिङ, निबुटार र लाइसीराङ स्थितको वडा एरियाहरुमा अबैध रुपमा लगाइएको ८ बिगाहा लागुऔषध गाँजा खेती फडानी गरी नष्ट गरिएको हो ।

# ग्रामीण पर्यटनको १२ औं साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा/थाहा नगरपालिकास्थित ग्रामीण पर्यटन व्यवसायिक सहकारी संस्था लि.को १२ औं वार्षिक साधारणसभा भएको छ ।

संस्थाका अध्यक्ष शिबहरी बर्तौलाले पुजीलाई संस्थागत गरि ग्रामीण भेगमा संचालित पर्यटन व्यवसाय, कुटिर उद्योग, होटल व्यवसाय तथा हस्तकलाका सामग्री उत्पादन गर्ने साना उद्योगहरुमा लगानी गरि पर्यटन व्यवसायलाई प्रवर्द्धन गर्नु नै संस्थाको उद्देश्य रहेको उल्लेख गरे ।

साधारणसभामा प्रस्तुत प्रतिवेदन अनुसार संस्थाले गत आ.व. सम्ममा १ करोड ४४ लाख कारोवार रहेको छ । संस्थामा ४५ लाख ८३ हजार रुपैयाँ शेयर पुँजी र ९५ लाख ७५ हजार ऋण लगानी रहेको उल्लेख गरिएको छ ।

प्रमुख अतिथि संस्थाका निवर्तमान अध्यक्ष निरन्जन अधिकारीले सहकारीले पर्यटन व्यवसायमा लगानी गर्न ठोस एजेन्डा नहुँदा समस्या रहेको बताउदै सदस्यहरुले पनि पर्यटन व्यवसाय र अर्गानिक कृषि उत्पादनमा जोड दिन आग्रह गरे ।

**संस्थाले गत आ.व. २०७७/०७८ सम्ममा १ करोड ४४ लाख कारोवार गरेको प्रतिवेदनमा उल्लेख छ ।**

# ज्योतिष परिषद्को भवन शिलान्यास

साझाकुरा संवाददाता


हेटौंडा/नेपाल ज्योतिष परिषद् मकवानपुरको भवन निर्माणका लागि शिलान्यास गरिएको छ ।

शनिबार हेटौंडा उपमहानगरपालिका हरिबहादुर महतले भवनको शिलान्यास गरेका हुन् । हेटौंडा-५ रुद्रेश्वरमा ज्योतिष परिषद्को भवन निर्माण गर्न शनिबार बाटै सुरु गरिएको छ । कार्यक्रममा बोल्दै मेयर महतले भवन निर्माणका लागि स्थानीय सरकारले सक्दो सहयोग गर्ने बताए ।

कुल २५ लाख रुपैयाँ लागतमा निर्माण हुन लागेको भवनको लागि उपमहानगपालिकाले पाँच लाख रुपैयाँ सहयोग गरेको छ । यस भवनमा हल, नवग्रह मन्दिर समेत निर्माण गर्ने योजना बनाइएको छ । नेपाल ज्योतिष परिषद् मकवानपुरका अध्यक्ष हरिप्रसाद सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-५ का वडा अध्यक्ष राजेश बानियाँ, परिषद्का उपाध्यक्ष मातृका नेपाललगायतको आतिथ्यता रहेको थियो ।








**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती,
फोन: ९८४१७७१६६४, ९८५५०३१६६४


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
यातायात व्यवस्था विभाग
**सवारी परीक्षण कार्यालय**
हेटौंडा, मकवानपुर
फोन नः- ०५७-५२०२८५, ५९०१८५

## क्याटलग सपिङ्ग विधिबाट मोवाइल प्रदूषण अनुगमन सवारीखरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आव्हानको सूचना

*(दोस्रो पटक प्रकाशित मिति:२०७८/०९/०५)*

यस सवारी परीक्षण कार्यालय, हेटौंडा, मकवानपुरको आ.व. २०७८/०९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको मोवाइल प्रदूषण अनुगमन सवारी सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा ८ को उपदफा १ (क)(८) तथा सार्वजनिक खरिद नियमावली २०६४ (चौथो संसोधन) को नियम ३१ (ख) बमोजिम त्यस्तो मोवाइल प्रदूषण अनुगमन सवारी उत्पादक कम्पनी वा सोको आधिकारिक बिक्रेताहरुबीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम मोवाइल प्रदूषण अनुगमन सवारीको उत्पादकत्वको आधिकारिक स्पेशिफिकेसन, गुणस्तर र कम्पनीको आधिकारिक मुल्य खुल्ने कागजात (क्याटलग वा ब्रोसर) संलग्न राखि तपसिलमा उल्लेख भए बमोजिम प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी प्रस्ताव सम्बन्धी कागजात यस कार्यालयबाट नि:शुलक प्राप्त गर्न सकिनेछ ।
२. उक्त प्रस्ताव लिनका लागि इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकरिक विक्रताहरुले आफ्नो फर्म/कम्पनी दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, ीभततभच या ब्गतजयचष्शबतष्यल र आ.व. २०७७/७८ को आयकर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपीहरु तथा फर्म/कम्पनीको अनुरोधपत्रसहित सूचना प्रकाशित भएको मितिले दशौं दिनसम्म कार्यालय समयभित्र प्राप्त गर्न सकिने छ ।
३. यो सूचना प्रथम पटक प्रकाशित भएको एघारौं दिन (मिति ) १२:०० बजेभित्र यस कार्यालयमा सिलबन्दी प्रस्ताव दर्ता गराई सक्नु पर्नेछ र दर्ता भएको सिलबन्दी प्रस्ताव सोही दिन १३:०० बजे खोलिनेछ ।
४. साथै सुचिकृत नभएको उत्पादक वा अधिकृत विक्रेता कम्पनीहरुको सूचिकृत गराई उल्लेखित सिलबन्दी प्रस्ताव पेश गर्न सकिने सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।
५. मोवाइल प्रदूषण अनुगमन सवारीको विस्तृत स्पेसिफिकेसन यस कार्यालयको सूचना पाटिमा सूचना टाँस गरिनुका साथै यस कार्यालयबाट प्रापत गर्न सकिनेछ ।

**मोवाइल प्रदूषण अनुगमन सवारीको विवरण:**

| क्र. सं. | ठेक्का नं | मोवाइल प्रदूषण अनुगमन सवारीको नाम | संक्षिप्त विवरण | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | VFTC-H/Catl/01/2078/079 | मोवाइल प्रदूषण अनुगमन सवारी | • Max. Power output at governed RPM: Not lss than 120 BHP.<br>• Max. Torque output at governed RPM: not less than 250 Nm.<br>• Ground Clearance: Minimum 180 mm.<br>• Transmission: Manual shift at least five forward and one reverse | १ (एक) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछ। |

**कार्यालय प्रमुख**

## मतदाता नामावलीमा नाम दर्ता गराउने सम्बन्धि प्रदेश निर्वाचन कार्यालय, हेटौंडाको सूचना

**मतदाता नामावली संकलन विशेष कार्यक्रम, २०७८ अन्तर्गत २०७८ मंसिर १७ गतेदेखि २०७८ पौष २ गतेसम्म बकैया, मकवानपुरगढी, भिमफेदी, इन्द्रसरोवर र मनहरी गा.पा.को केन्द्रमा र २०७८ पौष ५ गतेदेखि २०७८ पौष १९ गतेसम्म बागमती, कैलाश, राक्सिराङ गा.पा. र थाहा न.पा. को केन्द्रमा र हेटौंडा उपमहानगरपालिकाको हकमा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालयमा मतदाता नामावली संकलन कार्य हुने भएकाले मतदाता नामावलीमा नाम दर्ता गर्न छुटेका नेपाली नागरिकता प्राप्त व्यक्तिहरुले नागरिकता, बसाई सराइ, विवाह दर्ता प्रमाणपत्रको सक्कल र फोटोकपी समेत लिई आ–आफ्नो स्थानिय तहको केन्द्रमा वा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय, हेटौंडामा गई नाम दर्ता गराउनु हुन अनुरोध छ ।**

## २३ औं वार्षिक साधारण सभा सम्बन्धि सूचना

यस संस्थाको मिति २०७८/०८/१९ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको २३ औं वार्षिक साधारण सभा तपसिलका विषयहरुमा छलफल गर्न निम्नानूसारको मिति, समय र स्थानमा संचालन गरिने भएकाले यहाँको अनिवार्य उपस्थितिको लागि हार्दिक अनूरोध गर्दछौं ।

**कार्यक्रमको मिति, समय र स्थान :**
मिति : २०७८/०९/२४ गते
समय : बिहान १०:३० बजे
स्थान : रोयल पार्टी प्यालेस, हेटौडा-४

**छलफलका विषयहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्युको बार्षिक प्रतिवेदन तथा भाबी कार्ययोजना सम्बन्धमा ।
२. आ.व.०७७/७८ को वार्षिक लेखापरिक्षित वित्तिय विवरण र कोषाध्यक्षको प्रतिबेदन सम्बन्धमा ।
३. आन्तरिक लेखा सूपरिबेक्षकको आ.व.०७७/०७८ को बार्षिक प्रतिबेदन सम्बन्धमा ।
४. आ.व.०७७/०७८ को ऋण समितिको प्रतिवेदन सम्बन्धमा ।
५. आ.ब.२०७८/०७९ को लागी लेखा परिक्षक नियूक्ति तथा पारिश्रमिक निर्धारण सम्बन्धमा ।
६. शेयर लाभांश वितरण सम्बन्धमा ।
७. संस्थाद्वारा संचालित अन्य कार्ययोजनाको शसक्तिकरण सम्बन्धमा ।
८. परियोजनाको जग्गाखरिद एवं सदस्य सेवा केन्द्र भवननिर्माण सम्बन्धमा ।
९. आन्तरिक वित्तिय एवं व्यवसायिक कार्यविधि सम्बन्धमा ।
१०. विनियम २०५५ एवं अन्य आन्तरिक उपनियमावली परिमार्जन र पूनरलेखन सम्बन्धमा ।
११. संचालक समिति र लेखा सूपरिवेक्षण समितिको निर्वाचन कार्यक्रम सम्बन्धमा ।
१२. निर्णय पुस्तिका प्रमाणित सम्बन्धमा ।
१३. बिबिध ।

**महालक्ष्मी उपाध्याय "डिना"**
अध्यक्ष
दिब्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.
मुख्य कार्यालय
हेटौडा-२, पल्पसा रोड, मकवानपुर

## HETAUDA CITY HOSPITAL PVT.LTD.

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

## VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 3 | Lab Technologist | 1 | 18000-25000 | BMLT/NHPC registered |
| 4 | CMA/ANM | Few | Negotiable | TSLC |
| 5 | Public Relations | 1 | 18000-250000 | BBS/BBA completed |
| 6 | Receiptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.


**तपाई सुरक्षा गार्ड बन्न चाहनुहुन्छ ?**

यदी तपाईं सुरक्षा गार्ड बनेर विभिन्न कम्पनीमा रोजगारी गर्न चाहनुहुन्छ भने तपाईंको लागि सुरक्षा गार्डको तालिम खुल्यो ।



**तालिमको लागि योग्यता:**
- उमेर २५ देखि ५० वर्ष ननाघेको ।
- कक्षा ८ उत्तीर्ण गरेको ।

**नोट:** तालिमपश्चात रोजगारीको व्यवस्था छ ।

**युनिभर्सल बडीगार्ड एण्ड सेक्यूरिटी सर्भिसेज प्रा.लि.**
हेटौंडा-१०, मकवानपुर
०५७-५२०१८९, ९८४५६६८०००,
९८४५४९१०९५, ९८४५२५३१७६


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना, हेटौंडा-१, चौकीटोल